उनी भगवान् अरहं–ब्रम्हादिदेव मनुष्यहरुले पूजा गर्न योग्य होइबक्सेको राग द्वेषादि सम्पूर्ण शत्रुलाई दमन गरी सक्नु भएको, कहिल्यै गुप्तपान्प नगरी बक्सेको । सम्मा सम्बुद्धो– सम्पूर्ण धर्मलाई निशेष रुपले स्वयं जानेर ग्रहण गरी बक्सनुभएको । विज्जाचरण सम्पन्नो–तीन विद्या, आठ विद्या, पन्ध्र चरणले सम्पूर्ण होइबक्सेको । सुगती–मृत्यु हुनुबाट रहित भैरहेकोनिर्वाण नगरमा राम्रोसंग गमन गर्नुभएको । लोकविदु–सत्तलोक, संखारलोक, आकास सारथि–देव मनुष्य तिर्थक र वेनेय्य प्राणीहरुलाई असदिस (बेजोड) रुपले सम्य हुने गरी दमन गरी बक्सन सारथी समान होइबस्केको । सत्था देव मनुस्सानं– ब्रम्हा देव मनुष्यहरुको शास्ता गुरु होइबक्सेको । बुद्धो–चतुरार्य सत्यलाई भिन्न भिन्न गरी छुट्याई जानी बक्सेको । भगवा–६ प्रकारको भाग्य र अनन्त गुणले सम्पन्न होइबक्सेको हुनुहुन्छ ।

त्यस्ता उनी सम्यकसम्बुद्धलाई नमस्कार । पहिले होइबक्सेका बुद्धहरु, पछि होइबक्सने बुद्धहरु र अहिले हुनुभएका बुद्धहरुलाई पनि मैले सधैं वन्दना गर्दछु ।

बुद्ध बाहेक मलाई अरु शरण छैन, बुद्ध नै उत्तम शरण हो । यो सत्य बचनको प्रभावले मलाई जय मङ्गल होस् । उनको



Downloaded from http://dhamma.digital

पाउको धूलोलाई पनि म श्रेष्ठोत्तम सम्झेर शीरले बन्दना गर्दछु। यदि बुद्ध प्रति केही अपराध गरी राखेको भए त्यसलाई बुद्धले क्षमा गर्नुहोस्।

*जीवन छउन्जेल म बुद्धको शरणमा जान्छु।*

## धर्मवन्दनाको अर्थ–

उनी भगवान् बुद्धले देशना गर्नु भएको धर्म स्वाक्खातो– आदि मध्य अन्तसम्म कल्याण हुने रुपले देशना गर्नु भएको। सन्दिट्ठिको–यहाँको यहि नै फल दिने अथवा आर्यपुद्गलहरुले आफैले साक्षात्कार गर्न योग्य भएको। अकालिको–समय नबित्दै फल प्राप्त हुने। एहिपस्सिको–आएर हेर भनीकन बोलाई देखाउन योग्य भएको। ओपनयिको–आर्यहरुलाई निर्वाणसम्म पुऱ्याइदिने। पच्चत्तं वेदितब्बो विञ्ञुहिति–विद्वान्‌हरुले अलग अलग छुट्याई आफैले अनुभव गरेर जानी बुझी लिन सकिने भएको हो। त्यस्तो निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार। पहिले भएको धर्मलाई, पछि हुने धर्मलाई र अहिले भएको धर्मको पनि मैले सदैव वन्दना गर्दछु। धर्म बाहेक अरु मेरो शरण छैन। धर्म नै मेरो उत्तम शरण हो। यो सत्य वचनको प्रभावले मलाई जय मङ्गल होस्।



Downloaded from http://dhamma.digital

लौकिक र लोकोत्तर रुपले दुई प्रकारले पनि उत्तम भएको धर्मलाई म शीरले वन्दना गर्दछु यदि धर्मप्रति केही अपराध गरी राखेको भए त्यस्लाई धर्मले क्षमा गर्नुहोस् ।

जीवन छउन्जेल म धर्मको शरणमा जान्छु ।

## संघ वन्दनाको अर्थ:-

उनी भगवान् बुद्धका श्रावक संघहरु, सुपटिपन्नो- जस्तो उपदेश गर्नुभएको हो त्यस्तै आचरण गर्नुहुने । उजुपटिपन्नो-सोझो आचरण गर्नुहुने । ञायपटिन्नो-निर्वाणको हेतुले आचरण गर्नु हुने । सामीचिपटिपन्नो-आदर सत्कार गर्न योग्य हुने रुपले आचरण गर्नुहुने । यस्ता मार्ग चार र फल चारका हिसाबले जुन चार जोडा उत्तम पुरुषहरु हुनुहुन्छ, वहाँहरु एक एकको हिसाबले आठ जना पुद्गलहरु हुनुहुन्छ । वहाँहरु आहुनेय्यो-आवाहन गर्न योग्य हुनुहुन्छ । पाहुनेय्यो- पाहुना सत्कार गर्न योग्य हुनुहुन्छ । दक्खिनेय्यो-निर्वाणसम्मको विश्वास राखी दिएको दानलाई ग्रहण गर्न योग्य हुनुहुन्छ । अञ्जलिकरणीयो-उत्तम फल दिने आशाले हात जोडी बिन्ति गर्न योग्य हुनुहुन्छ । अनुत्तरँ पुञ्ञक्खेत्तं लोकस्स-ब्रम्ह, देव, मनुष्य तीनै लोकको वेजोड भएको पुण्यरुपी बिउ रोप्न अति उत्तम खेत समान हुनुहुन्छ ।



Downloaded from http://dhamma.digital

त्यस्ता आठ पुद्गल महासंघहरुलाई नमस्कार। पहिले हुनु भएका संघहरु, पछि हुने संघहरु र अहिले हुनुभएका संघहरुलाई पनि म सधैं वन्दना गर्दछु।

संघ बाहेक अरु मेरो शरण छैन, संघ नै उत्तम शरण हो।

यो सत्य वचनको प्रभावले मलाई जय मङ्गल होस्।

तीन प्रकारले उत्तम संघहरुलाई म शीरले वन्दना गर्दछु। यदि संघप्रति कुनै अपराध गरिराखेको भए त्यसलाई संघले क्षमा गर्नुहोस्।

***जीवन छउन्जेल म संघको शरणमा जान्छु।***

## जल पूजाको अर्थ–

भो भगवान्! हजुरलाई पिउने पानी चढाउँदैछु स्वीकार गर्नुहवोस्। हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस्॥

## खाद्य – पूजाको अर्थः–

भो भगवान्! हजुरलाई खाद्य पदार्थ चढाउँदैछु, स्वीकार गर्नुहोस्। हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस्।



Downloaded from http://dhamma.digital

## फलफुल पूजाको अर्थ:–

भो भगवान् ! हजुरलाई फलफुल चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## भोजन पूजाको अर्थ:–

भो भगवान् ! हजुरलाई भोजन चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## व्यञ्जन पूजाको अर्थ:–

भो भगवान् ! हजुरलाई व्यञ्जन चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## भेषज्ज पूजाको अर्थ:–

भो भगवान् ! हजुरलाई औषधि चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## सर्बत–पान पूजाको अर्थ:–

भो भगवान् ! हजुरलाई सर्बत चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।



Downloaded from http://dhamma.digital

## दीप पूजाको अर्थः–

त्रिलोकमा प्रकाश हुनुभएका सम्यक् सम्बुद्धलाई अन्धकार नाश गर्ने चन्दनादिको यो प्रदीपद्वारा पूजा गर्दछु ।

## पुष्प पूजाको अर्थः–

वर्ण र सुगन्धले युक्त भएको यो फूलद्वारा मुनिन्द्र भगवान् बुद्धको चरणमा पूजा गर्दछु । यो पुष्पद्वारा बुद्धलाई पूजा गर्दछु । यस्को पुण्यले मलाई मोक्ष होस् । यो फूल सुकेर गए झैं यो मेरो शरीर पनि विनाश भएर जानेछ ।

## धूप पूजाको अर्थः–

पूजा गर्नलाई उत्तम पात्र हुनुभएका सनी पूजनीय भगवान् बुद्धलाई यो सुगन्ध युक्त धूपद्वारा पूजा गर्दछु ॥

## चैत्य वन्दनाको अर्थः–

सबै ठाउँमा प्रतिष्ठित भैराखेका चैत्यहरुलाई तथा भगवान् बुद्धका पवित्र धातुलाई अनि महाबोधि बृक्षलाई र बुद्ध रुपलाई पनि मैले सधैं वन्दना गर्दछु ।



Downloaded from http://dhamma.digital

## क्षमा याचनाको अर्थः–

भो भगवान्! यदि मैले काय वाक् र चित्तद्वारा प्रमादवश कुनै अपराध गरिराखेको भए गम्भीर प्रज्ञ हुनुभएका हजुर तथा गतले मलाई क्षमा गर्नुहोस्।

## आशिकाको अर्थ

शुद्ध चित्तद्वारा गरेको यो बुद्ध पूजाद्वारा प्राप्य भएको पुण्य प्रभावले तथागतको सद्धर्म चिरस्थायी होस्। सम्पूर्ण लोक सुखी होस्।

यो बुद्ध पूजाद्वारा मलाई जति पनि पुण्य लाभ भएको छ, ती सबै पुण्य देखी सन्तुष्ठ भैकन सबैले अनुमोदन गरुन्।

दान शील आदि दशपारमिता सबै पूर्ण गरी आफ्नो इच्छानुसार उत्तम बोधि प्राप्त गरी निर्बाण सुख प्राप्त होवोस्।

## प्रतिपत्ति पूजाको अर्थः–

यो धर्मानुकूल भएको धर्माचरणद्वारा बुद्धलाई पूजा गर्दछु। यो धर्मानुकुल भएको धर्माचरण दास धर्मलाई पूजा गर्दछु।यो धर्मानुकूल भएको धर्माचरणद्वारा संघलाई पूजा गर्दछु। यो धर्माचरणद्वारा अवश्य नै म जन्म जरा व्याधि मरणबाट मुक्त हुनेछु।



Downloaded from http://dhamma.digital

## कामनाको अर्थः–

यो पुण्यको प्रभावले मूर्खजनहरुको संगत गर्न नपरोस्, निर्वाणलाभ नहोऊन्जेल सत्पुरुषहरुकै सत्संगत गर्न परोस्।

यो मेरो पुण्यद्वारा आश्रव क्षय होवोस्।

यो मेरो पुण्य निर्वाणको हेतु होवोस्।

यो मेरो पुण्यद्वारा सम्पूर्ण सत्वहरु सुखी होवोस्।

## पुण्यानुमोदनाको अर्थः–

यो मेरो पुण्य मेरा ज्ञातिहरुलाई प्राप्त होस्। यो पुण्यको प्रभावले तिनिहरुलाई सुख मिलोस्।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण देवताहरुले अनुमोदन गरुन्। सबै प्रकारको सम्पत्ति सिद्ध होवोस्।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण सत्वहरुले अनुमोदन गरुन्।

सबै प्रकारको सम्पत्ति सिद्ध होवोस्।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण भूत (प्राणी) हरुले अनुमोदन गरुन्। सबै प्रकारको सम्पत्ति सिद्ध होवोस्।

***साधु !*** ***साधु !*** ***साधु !***



Downloaded from http://dhamma.digital

# परित्राणको निदान तथा परिचय

## मंगल सूत्रको निदान

भगवान् बुद्धले मङ्गलसूत्र देशना गर्नु भन्दा बाह्र बर्ष अगाडी लोकमा मङ्गल कोलाहल उत्पन्न भयो।

लोकमा यस्ता समय समयमा हुने कोलाहलहरु ५ प्रकारका छन्। जस्तैः (१) कल्प कोलाहल, (२) बुद्ध कोलाहल, (३) चक्रवर्ति कोलाहल, (४) मङ्गल कोलाहल, (५) मोनेय्य कोलाहल।

(१) कल्प विनाश हुने समय भन्दा एकलाख वर्ष अगाडी लोक व्यूह देवता मनुष्यलोकमा आएर यो कल्प एकलाख वर्ष बितेपछि यो लोक ब्रम्हलोकसम्म नष्ट हुनेछ भनी हुने कोलाहललाई 'कल्पकोलाहल' भनिन्छ।

(२) लोकमा बुद्ध उत्पन्न हुने भए लोकपाल देवताहरुले मनुष्यलोकमा आएर "आज भन्दा एक हजार वर्ष बितेपछि लोकमा सर्बज्ञ बुद्ध उत्पन्न हुनेछ" भनिन्छ।

(३) त्यस्तै लोकमा चक्रवर्ती राजा उत्पन्न हुने भएपनि सयवर्ष अगावै "आजभन्दा सयवर्ष पछि चक्रवर्ती राजा उत्पन्न हुनेछ" भनी हुने कोलाहललाई "चक्रवर्ती कोलाहलल" भनिन्छ।



Downloaded from http://dhamma.digital

(४) लोकमा मङ्गल धर्म उत्पन्न हुने भए पनि बाह्र वर्ष अगावै मङ्गल कोलाहल हुन्छन् । यो कोलाहल मनुष्यलोकबाट उत्पन्न भएर ब्रम्हलोकसम्म फैलिने हुन्छ ।

(५) त्यस्तै कुनै मोनेय्य पुद्‌गल (विशेषप्रकारको भिक्षु) उत्पन्न हुने भयो भने सातवर्ष अघिदेखि मोनेय्य कोलाहल उत्पन्न हुन्छ ।

यी पाँच कोलाहल मध्ये एक समय राजगृह नगरको संस्थागारबाट एकजना व्यक्ति "आज मैले एउटा मङ्गल कार्य गर्नु छ" भनी संस्थागार भवनबाट बाहिर निस्केर गए । मङ्गल शब्द सुनेपछि संस्थागारका मानिसहरुले आपसमा मङ्गलको विषयमा चर्चा गरे । कसैले भने– मङ्गल भनेको उठ्ने बित्तिक सर्वाङ्ग सेतो गाई देख्नु, गर्गिणी देख्नु, रोहित माछा देख नु, गाईको घ्यू देख्नु, नयाँ कपडा देख्नु, दूध दही देख्नु नै मङ्गल हो, यो भन्दा ठूलो मङ्गल अरु के होला ? यो कुरालाई कसैले स्वीकार गरे कसैले यसप्रकारको दृष्टि माङ्गलिकलाई स्वीकार गरेन ।

यसरी संस्थागारका सबै सदस्यहरुले सर्वसम्मतिबाट स्वीकृत नभए पछि कसैले यसलाई बिरोध गरेर हेर्नेमा मङ्गल होइन अपितु सुन्नुमा मङ्गल छ. जस्तै भरिएको, पूर्ण, अगाडी बढ, भोजन गर, खाउ, भन्ने शब्द सुन्नु नै मङ्गल हो यस भन्दा उत्तम अरु मङ्गल छैन भने ।

यो श्रुतमङ्गललाई पनि कसैले बिरोध गरेर मुत्त मङ्गल अर्थात् सुँघ्नु, स्वाद लिनु र स्पर्श गर्नुलाई नै मङ्गल भने । जस्तै–



Downloaded from http://dhamma.digital

बिहान उठ्ने बित्तिकै पृथ्वीलाई स्पर्श गर्नु, हरियो घाँसलाई छुनु, गोवर छुनु, शुद्ध बस्तु छुनु, रोहित माछा छुनु, सुन चाँदि छुनु भोजको स्वाद लिनु नै उत्तम मङ्गल हो। यो भन्दा माथी अरु अङ्गल छैन भने। यो कुरालाई पनि कुनैले स्वीकार गरे कुनैले स्वीकार गरेन। यसरी संस्थागारका सदस्यहरु एक मत नभएर तीन समूहमा विभाजित भए। कुनै समूहले पनि कसैलाई चित्त बुझाउन सकेन र मङ्गल एउटा विवादकै विषय बन्न पुग्यो। जहाँ पनि मङ्गलकै चर्चा भयो। यो चर्चा भूमिमा बास गर्ने भूमिस्थ देवताहरुले सुनेपछि तिनीहरुको पनि त्यस्तै चर्चा भयो तर तिनीहरुले पनि निर्णय गर्न सकेनन्। यस्तै क्रमले क्रमशः माथिल्ला माथिल्ला तल्लाका देवताहरुमा चर्चा हुँदै ब्रम्हलोकसम्म पनि पुगे र मङ्गलको विषयमा निश्चित निर्णय गर्न सकेनन्। पछि देवराज इन्द्रले विचार गरे कि– मनुष्य देव मार र ब्रम्हलोकमा सर्वज्ञ बुद्धको अतिरित्त मङ्गलको विषयमा व्याख्या गर्न सक्ने अरु कुनै छैन, तसर्थ भगवान् बुद्धकहाँ गएर नै सोध्न जानुपर्‍यो, यति विचार गरेर इन्द्र देवगणहरु सहित भै रात्रीको प्रहरमा श्रावस्तीको जेतवन विहारमा आफ्ना दिव्य प्रकाशले जेतवन सबै प्रकाशमान गरी जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो त्यहाँ गएर बुद्धलाई अभिवादन गर्दै गाथाद्वारा यसरी प्रार्थना गरेः–

"कल्याणको आकांक्षा गरेर धेरै देवता र मानिसहरुले मङ्गलको विषयमा विचार गरिसके। कसैले पनि बुझ्न सकेनन्। तसर्थ तपाईंले मङ्गलको विषंयमा आज्ञा गर्नुहवस्।"



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले इन्द्रको प्रार्थनालाई स्वीकार गर्नु भै ११ गाथाद्वारा ३८ प्रकारका मङ्गल धर्मलाई देशना गर्नुभयो। सोही मङ्गल धर्मलाई देवतासहित मार ब्रमहलोकमा सबैले अनुमोदन गरे। तथागतले मङ्गलसूत्र देशना गर्नुभएको बखतमा एक हजार कोटी देवताहरु अर्हुत् (जीवन मुक्त) भए। श्रोतापन्न भएकाहरु त गिन्ति नै भएन। मङ्गलको विषयमा सब कुरा श्रवण गरी बसेपछि बुद्धलाई अभिनन्दन तथा अभिवादन गरी देवताहरु अत्यन्त प्रसन्न भएर आप्ना आफ्ना स्थानमा फर्के।

भोलिपल्ट भगवान्‌ले आनन्दलाई मङ्गल सूत्र उपदेश गर्नुभयो। आयुष्मान आनन्दले भिक्षुहरुलाई सिकाउनुभयो। यही क्रमले लोकमा मङ्गल धर्मउत्पन्न भएको कुरा सूत्तनिपात अट्ठकथा ग्रन्थमा उल्लेख भएको छ। ॥१२॥

# मङ्गल सूत्रको अर्थ

जुन मङ्गलको निम्ति देवता र मनुष्यहरुले कल्याणको चिन्तन गरेर १२ वर्षसम छलफल गरेंर पनि पत्ता लगाउन सकेनन् त्यसबेला सम्पूर्ण पाप नाश हुने ३८ मङ्गल विधानलाई देवादिदेव भगवान् बुद्धले देशना गर्नुभयो। सोही मङ्गल सबै लोकको हितको निम्ति भन्छु। यस्तो मैले सुनेको छु:– एक



Downloaded from http://dhamma.digital

समय भगवान् श्रावस्थीमा अनाथपिण्डिक महाजनले बनाएको जेतवनाराममा विहार गर्नुभएको थियो । त्यसबेला एक देवता रातको दुतिय प्रहरमा आफ्नो तेजले सारा जेतवन उज्यालो तुल्याई जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ आएर भगवान्लाई अभिवादन गरी एकातिर उभिए । एकातिर उभिएका उनी देवताले भगवान्संग गाथाद्वारा सोधे–

कल्याणको आकांक्षा लिएर धेरै देवताहरु र मनुष्यहरुले मङ्गलको विषयमा बिचार गरिसके । अब कृपया तपाईंले उत्तम मङ्गल बताउनुहोस् ॥१॥

भगवान् भन्नुहुन्छः– मूर्खहरुको सङ्गत नगर्नु, पण्डितहरुको सङ्गत गर्नु र पूज्यहरुको पूजा गर्नु– यी उत्तम मङ्गल हुन् ॥२॥

अनुकूल स्थानमा बास गर्नु, पूर्वजन्मको पुण्य लाभी हुनु र आफूलाई सम्यक् मार्गमा लगाउनु– यी उत्तम मङ्गल हुन् ॥३॥

बहुश्रुत हुनु, शिल्प सिक्नु, विनयी (नरमी हुनु, सुशिक्षित हुनु, सुभाषण=मीठो वचन बोल्नु–यी उत्तम मङ्गल हुन् ॥४॥

माता पिताको सेवा गर्नु, पुत्र, स्त्रीहरुको पालन पोषण गर्नु, आकुल नहुने काम गर्नु– यी उत्तम मङ्गल हुन् ॥५॥

दान दिनु, धर्माचरण गर्नु, दाजुभाई बन्धुहरुको संग्रह गर्नु र निर्दोष (दोष रहित) काम गर्नु– यी उत्तम मङ्गल हुन् ॥६॥

काय वाक् चित्तद्वारा पापलाई त्याग्नु, मद्यपान नगर्नु र धार्मिक कार्यहरुमा अप्रमादी तथा होशियारी हुनु– यी उत्तम मङ्गल हुन् ॥७॥



Downloaded from http://dhamma.digital

गौरव गर्नु, नम्र स्वभाव हुनु, सन्तुष्ट हुनु, कृतज्ञ हुनु र बेलाबखतमा धर्मको श्रवण गर्नु– यी उत्तम मङ्गल हुन् ॥८॥

सहनशील हुनु, अज्ञाकारी हुनु श्रमणहरुको दर्शन गर्नु र बेलाबखत (धर्मको) छलफल गर्नु– यी उत्तम मङ्गल हुन ॥९॥

तपस्या गर्नु ब्रम्हचर्यको पालन गर्नु, आर्य सत्य धर्मको बोध गर्नु, निर्वाणलाई साक्षात्कार, यी उत्तम मङ्गल हुन् ॥१०॥

लाभ, अलाभ, यश, अयश, निन्दा प्रशंसा, सुख र दुःख यी आठ प्रकारको लोकधर्मबाट चित्त कम्प नहुनु, शोकरहित हुनु; राग, द्वेष, मोहरुपि रज नहुनु र निर्भय हुनु– यी उत्तम मङ्गल हुन् ॥११॥

यस प्रकारको कर्म गरेर सबै ठाउँमा अपराजित (नहार्ने) भएर (मानिसहरु) कल्याण प्राप्त गर्छन् सो उनीहरु (देव मनुष्यहरु) को निम्ति उत्तम मङ्गल हुन्

**मङ्गल सूत्र समाप्त ।**

## रतन सूत्रको निदान

भगवान् बुद्ध राजगृह नगरको बेलुवन विहारमा विहार गर्नुभएको बेलामा अत्यन्त सुख समृद्धिले परिपूर्ण भइरहेको बैशाली नगरमा एक पटक दुर्भिक्ष भयो । यस दुर्भिक्षले दुःखी गरीवहरु खान नपाई धमाधम मृत्यु हुँदै गए । लाशको दाह कर्म हुन नपाउँदा लाम तितर वितर भई फ्याँकिए । त्यसको दुर्गन्धले



Downloaded from http://dhamma.digital

भूत–प्रेतादि अमनुष्यहरु नगरमा पसेर दुःखकष्ट दिन आए, मानिसहरु मरे, धेरै मरेका मानिसहरुको दुर्गन्धले सर्पको विष– समान कडा अहिवात भन्ने रोग फैलियो । यसरी वैशालीमा दुर्भिक्ष भय, भूत–प्रेत भय र महामारी रोगको भय उत्पन्न भयो ।

त्यसबेला देशवासीहरु भेला भएर राजाको पटांगिरीमा गएर प्रार्थना गरे– महाराज ! यो देशमा तीन प्रकारका भय अन्तराय आइरहेको छ । यसभन्दा अघि सातपुस्तासम्म पनि यस्तो भएको थिएन । धर्म पालन नगर्ने राजाहरुको समयमा मात्र यस्तो हुन सक्छ तसर्थ हजुरले दश राजधर्मलाई विचार गरी बक्सनुहवस् ।

राजाले आफ्नो तर्फबाट केही त्रुटि भएको छ कि ? भनी बिचार गरी हेर्दा त्रुटि नदेखिएपछि संस्थागार भवनमा प्रजाहरु भेला गराई यस्तो भन्नुभयो– प्रजागण ! राजधर्ममा मैले केहि त्रुटि देखिन कहिं त्रुटि भएको भए प्रजागणबाट जानकारी दिए वेश हुनेछ ।

प्रजागणले पनि केही त्रुटि भेट्टाउन नसकेपछि राजाले प्रजाहरुसंग के गरे भय हटेर जाला ? भनी सल्हा हलिए । कुनैले क्षमापूजा गर्नुपऱ्यो भने । राजाले तदनुसार पूजा गराए । तैपनि भय हरण भएन । कुनैले यो लोकमा पूरणकाश्यप, मक्खलि गोशाल, निगण्ठनाथपुत्त, अजीत केश, कम्बल, पकुघ कच्चायन, बेलट्ठासञ्जय नाम गरेका ६ जना गणाचार्यहरु निमन्त्रणा गरेर



Downloaded from http://dhamma.digital

ल्याइयो भने भय नाश हुन्छ भने। यो कुरामा कसैको राजी भएन। अनि कुनैले सबै धर्मका ज्ञाता, त्रिलोकमा प्रख्यात हुनुभएका, सम्पूर्ण प्राणीहरुको हित सुखको निम्ति धर्मोपदेश गर्नुभएका, असमान ऋद्धि आनुभाव सम्पन्न उनी भगवान् बुद्धलाई हाम्रा देशमा ल्याउन पाइयो भने तीनै अन्तराय हटेर जानेछ भने। यो कुरा सुनेर सबै प्रजागण अत्यन्त प्रसन्न भएर भगवान् आज भोलि कहाँ विहार गर्नुभएको छ भनी प्रश्न गरे। महाली नामक लिच्छवि राजाले भगवान् बुद्ध आजभोलि राजगृहको बेलुवन विहारमा विहार गर्नु भएको छ भन्ने उत्तर दिए।

महाली राजाले भगवान् बुद्ध बेलुवन विहारमा हुनुहुन्छ, भन्ने कुरा कसरी थाहा पाएको भने– प्रथमवार भगवान् बुद्ध राजगृह नगरमा पाल्नुहुँदा महाली पनि राजगृह आइरहेको र भगवान्को उपदेश श्रवण गरेर बिम्बिसार महाराजासहित एक लाख बीस हज्जार व्यक्ति श्रोतापन्न हुनेहरु मध्ये महाली पनि श्रोतापन्न भएको थियो। बिम्बिसार महाराजले भगवान् बुद्धलाई बेलुवन विहार दान गरेको इत्यादी सबै कुरा हेरेर आएका हुनाले 'भगवान् बुद्ध बेलुवन बिहारमा हुनुहन्छ' भनी महाली राजाले उत्तर दिएका हुन्।

महालीको कुरा सुनेर अरु राजाहरुले पुरोहितका छोरा र महालीलाई 'तपाईहरु राजगृह गएर भगवान् बुद्ध यहाँ ल्याउन बिम्बिसार राजासंग प्रार्थना गर्न जानुपर्‍यो' भनी भने। अनि निकै जन–समूह साथमा महाली र पुरोहितको छोरोलाई राजगृहमा पठाइयो।



Downloaded from http://dhamma.digital

तिनीहरु राजगृहमा बिम्बिसार महाराजकहाँ गएर सौगात चढाई बिन्ति गरे– "देव ! बैशालीमा तीन प्रकारका भय अन्तराय भइरहेको छ । भगवान् बुद्ध बैशाली पाल्नुभयो भने ती भय अन्तराय शान्त हुनेछ । तसर्थ त्रिलोकका नाथ हुनुभएका तथागतलाई बैशालीमा प्रस्थान गराउन हजुरबाट एक पटक प्रार्थना गरी दिनुभयो भने अति उत्तम हुनेछ ।"

बिम्बिसार महाराजबाट आज्ञा भयो– "भणे ! भगवान् बुद्ध मेरो अधिकारका होइन तसर्थ तिमीहरु नै गएर प्रार्थना गर्न जाउ ।"

तिनीहरुले भगवान् बुद्धकहाँ उभिएर आदरपूर्वक बन्दना गरेर प्रार्थना गरे– भन्ते भगवान् ! आजभोलि बैशालीमा तीन प्रकारका भय अन्तराय उत्पन्न भई धेरै नै मानिसहरु बिनाश भए । तसर्थ तपाईले हाम्रो देशमा पाउकष्ट गर्नुपर्‍यो । हजुर पाल्नुभयो भने ती तीनै प्रकारकका भय अन्तराय शान्त भएर जानेछन् ।

भगवान्ले तिनीहरुको प्रार्थना सुनेर विचार गर्नुभयो । बैशालीमा रत्नसूत्र पाठ गरी दियो भने भय अन्तराय हटेर जानेछ । रत्नसूत्र देशना सुनेर ८४००० चौरासी हजार प्राणीहरुलाई कष्टबाट मुक्त हुने ज्ञान प्राप्त हुनेछ । फेरि एक करोड चक्रवाल पर्यन्त रत्नसूत्रको आनुभाव फैलिएर जानेछ । यसरी तीन प्रकारले महत्व देख्नु भएपछि भगवान्ले तिनीहरुको प्रार्थनालाई स्वीकार गर्नुभयो ।



Downloaded from http://dhamma.digital

बिम्बिसार राजाले पनि भगवान् बुद्धले वैशाली प्रस्थान गर्ने निमन्त्रणा स्वीकार गर्नुभएको खबर सुनेर नगरमा झ्यालि पिटाई भगवान् बुद्धकहाँ गएर सोधे– "भन्ते भगवान् " बैलाशीको निमन्त्रणा स्वीकार गर्नुभयो ?" ।

भगवान्ले "हो दायक" भनी आज्ञा भएपछि "भन्ते ! त्यसो भए बाटो सिङ्गार्ने काम नसिद्धिउन्जेल रोक्नु हवस" भनी प्रार्थना गरेर राजगृह नदीसम्म पाँच योजन भएको बाटो सम्याउन लगाई सिङ्गार्न लगाइयो । प्रत्येक योजनमा एक एकवटा बिहार बनाउन लगाइयो । मार्गरमणीय हुने गरी भव्य रुपले सजाउन लगाइयो । चाँदिको धुलो जस्तै सेतो बालुवा ओछ्याई त्यसमाथि घुँडा घुँडासम्म पाँचसय वर्णको फूल ओछ्याउन लगाइयो । ठाउँठाउँमा पूर्णघटा राखी ध्वँजापटाका फहराई केराको बोट, उखुको बोट, नरिवलको बोट आदिको तोरण द्वार बनाई देवलोकको मार्ग जस्तै सजाउन लगाइयो । यसरी सकेसम्म सिङ्गारीसकेपछि भगवान् बुद्धलाई प्रस्थानको सूचना पुऱ्याउन पठाइयो ।

भगवान् बुद्ध पनि पाँचसय भिक्षुहरु साथमा राखी त्यस मार्गमा अति शोभायमान रुपले गमन गर्नुभयो । त्यसबेला बिम्बिसार महाराजले राजपरिवार, मन्त्री, भारदार, सैन्यसहित भई भगवान् बुद्धलाई दुईतला भएको श्वेतछत्रले ओढाई अरु भिक्षुहरुलाई पनि जनहिपिच्छे एक एकवटा एकतले छत्र ओढाउन लगाई निकै लावा लस्कर जम्मा भएर तुरिय, नृत्य, गीत आदि संगीत वाद्यले आकाश गुञ्जायमान गराई नाना प्रकारका सुगन्ध



Downloaded from http://dhamma.digital

चूर्ण छर्न लगाई पुष्प धूपादिले पूजा गरी अत्यन्त हर्ष उल्लासपूर्वक महान् पूजा सत्कार गरी भगवान्लाई गङ्गाको घाटसम्म पुऱ्याउन गए । प्रत्येक योजनमा बनाइराखेको विहारमा भगवान्लाई एक एकरात विश्राम गराई महादान दिए । पाँचौ दिन गङ्गा घाटमा पुगेपछि भगवान्सहित पाँचसय भिक्षुहरुलाई गङ्गा पार गराउने नाउलाई राम्रोसंग सिङ्गार्न लगाइयो ।

बैशालीका लिच्छवी राजाहरुकहाँ पनि भगवान् बुद्ध गङ्गाको घाटमा आइपुग्नुभयो भन्ने खबर पठाइयो । लिच्छवी राजाहरुले पनि भगवान् बुद्धलाई दुइगुणा बढाई पूजा गर्ने, सत्कार गर्ने भन्ने सल्लाह गरी बैशाली नगरदेखि गङ्गाको घाटसम्म तीन योजन मार्ग बिम्बिसार राजाले भन्दा दुईगुणा सजाउन लगाई भगवान् बुद्धलाई चारतले श्वेत छत्र ओढाई महान पूजा सत्कार गरी स्वागत गर्न गङ्गा घाटमा प्रस्थान गरे ।

बिम्बिसार महाराजले पनि दुइओटा डुङ्गा जोडेर अत्यन्त शोभायुक्त मण्डप बनाउन लगाई माला वितान आदिले सिङ्गारी अनेक प्रकारका रत्न जडित मण्डपको माझमा बुद्धासन बनाउन लगाइयो । भगवान् बुद्ध त्यस आसनमा बस्नुभयो । पाँचसय भिक्षुहरु पनि भगवान् बुद्धलाई परिक्रमा गरी वरिपरि घेरा हाली डुङ्गामा बसे । बिम्बिसार महाराज घाँटीसम्म पानी आउने गरी गङ्गामा झरेर भगवान्लाई पुऱ्याउन गएर भगवान् तथागतसंग प्रार्थना गरे– "भन्ते भगवान् ! हजुरको फीर्ति आगमन नहोउन्जेल गङ्गाको घाटमै प्रतिक्षा गरी बस्नेछु ।"



Downloaded from http://dhamma.digital

भगवान् बुद्ध गङ्गापारि पुगेपछि बैशालीका राजाहरु पनि घाँटि घाँटिसम्म पानी आउनेसम्म गङ्गामा झरेर भगवान् बुद्धको स्वागत गर्न आए । डुङ्गा घाटमा अड्याएपछि भिक्षुसंघसहित तथागत डुङ्गाबाट ओर्लनुभयो । भगवान् बुद्धले बैशाली गणतन्त्रको भूमिमा पदार्पण गर्ने बित्तिकै त्यहाँ घनघोर रुपले पानीको बर्षा भयो । घुँडा घुँडासम्म पानीको भल बग्यो । नगरमा यताउति छरिएका मृतक लाश सबै बगाएर गङ्गामा पुनइयो । भूमि सबै सफा सुग्घर भयो ।

भगवान् बुद्धलाई लिच्छवी राजाहरुले प्रत्येक योजनमा बनाई राखेको विहारमा एकएक रात विश्राम गराई बिम्बिसार महाराजले भन्दा दुइगुणा दान गरे । तेश्रो दिन भगवान् बुद्ध बैशाली नगरमा पुग्नुभयो । देवराज इन्द्र पनि धेरै नै देवताहरुद्वारा परिवृत्त भएर भगवान्को सेवामा उपस्थित भए । महानुभाव भएका देवताहरुको आगमनले गर्दा धेरै जसो भूतप्रेतहरु पनि भागे ।

भगवान् बुद्ध सन्ध्या समयमा नगरको द्वारमा उभिनुभयो र आनन्दलाई आज्ञा गर्नुभयो– "आनन्द ! रत्नसूत्र मसंग सिकेर लिच्छवी कुमारहरुका साथमा पर्खालभित्र बसेर परित्राण पाठ गर ।"

आनन्दले पनि भगवान् बुद्धको वचनलाई शिरोपर गरी भगवान् बुद्धसंग रत्न–सूत्र सिकेर भगवान् बुद्धको पात्र लिएर पात्र भरि पानी राखेर नगरद्वारमा उभिएर भगवान् बुद्धले दीपङ्कर



Downloaded from http://dhamma.digital

तथागतको पादमूलमा बुद्ध हुनको निम्ति प्रार्थना गरेदेखि पूरा गर्नु भएको तीस पारमिता, पञ्च महापरित्याग, तीन चर्या, अन्तिम जन्ममा आमाको कोषमा प्रवेश हुनुभएको, जनमनुभएको, महाभिनिष्क्रमण गर्नु भएको, दुष्कर चर्या गर्नुभएको, बोधिमूलमा पाँच प्रकारका मारलाई जित्नुभएको, सर्वज्ञ ज्ञान लाभ गर्नु भएको, धर्मचक्र प्रवर्तन गर्नुभएको र नव लोकुत्तर धर्मको महत्व, यसरी सम्पूर्ण गुणलाई अनुस्मरण गर्नुभई नगरभित्र प्रवेश गर्नु भयो। तीन पत्र पर्खालभित्र बसेर रत्नसूत्र पाठ गरी परिक्रमा गर्नुभयो।

आनन्दले "यानिध भूतानि समागतानि" आदि गाथा पढेर पानी आकासमा छरेर पठाउँदा त्यहाँ बाँकी रहेका पर्खालले छेकिएका ठाउँमा लुकेर बसेका, धुलोको रासमा बसिरहेका, फोहर फाली राखेको ठाउँमा लुकेर बसेका भूत–प्रेतहरुको शरीरमा पर्न गयो। ती भूत–प्रेतहरु अत्यन्त भयभीत भएर नगरद्वारबाट भागे। ढोकाबाट भाग्न नसकेका जति पर्खालै फोरेर भागे।

आनन्द स्थविरले "यंकिञ्चि वित्तं इधवा हुरं वा" आदि गाथा पढेर पानी छरेर पठाउँदा त्यो पानी त्यहाँ रोगले ग्रष्ट भइरहेका मानिसहरुको शरीरमा परेर तत्क्षणमै तिनीहरुको रोग शान्त भएर गयो। रोगबाट मुक्त भएका ती सबैले आनन्द स्थविरको पछि पछि नगर परिक्रमा गरे।

यता लिच्छवी राजाहरुले नगरको बीचमा रहेको संस्थागारमा सुगन्ध छरेर चँदुवा तांगेर बुद्धासन बनाई भगवान् बुद्धलाई



Downloaded from http://dhamma.digital

संस्थागारमा प्रवेश गराए। भगवान् बुद्ध बिछ्याई राखेको आशनमा बस्नुभयो। भिक्षुगण र लिच्छवी राजाहरु पनि भगवान् बुद्धलाई घेरेर बसे। देवराज इन्द्र पनि देवगणको साथै योग्य ठाउँमा उभिए। असंख्य चक्रवालका देवताहरु पनि उपस्थित हुन आए। आनन्द स्थविरले सबै नगर घुम्दै परिक्रमा गरेर रोग, भय शान्त भएका सबैलाई लिएर भगवान् बुद्ध समक्ष आएर बन्दना गरी एक छेउमा बसे।

भगवान् बुद्धले परिषद्लाई हेरी रत्नसूत्र देशना गर्नु भयो। देशनाको अन्तमा ८४ हजार प्राणीहरुलाई दुःखबाट मुक्त भइरहेको मार्गफल प्राप्त गरी निर्वाण प्राप्त भए। यसरी भगवान् बुद्धले एक सप्ताहसम्म रत्न सूत्र देशना गर्नु भयो। त्यसबेलादेखि बैशाली नगर पहिले जस्तै सुख समृद्ध र सुभिक्ष भयो। बैशालीमा सुभिक्ष भएको थाहा पाएर लिच्छवीहरुलाई बोलाई तथागत बैशालीबाट फर्कनुभयो।

लिच्छवीहरुले पनि अत्यन्त आदर सत्कारपूर्वक महान् दान गरेर गङ्गाको तीरसम्म पुऱ्याउन गए। यसरी रत्न सूत्रको निदान सुत्तनिपात अट्ठकठा ग्रन्थमा उल्लेख भएको छ।

* * *

# रत्न सूत्रको अर्थ

(उनी भगवान् बुद्धले सुमेध तपस्वीको जन्ममा प्रार्थना गरेदेखि आरम्भ गरेर दश पारमिता, दश उपपारमिता, दश

Downloaded from http://dhamma.digital

परमार्थपारमिता जम्मा गरी तीस पारमिता पूर्ण गरी पाँच महात्याग गरी लोकार्थ चर्या, ज्ञातिहरुलाई गर्नुपर्ने चर्या र बुद्धार्थ चर्या यी तीनै चर्यापूर्ण गरी पछिल्लो जन्ममा माताको गर्भमा प्रवेश, जन्म, महाभिनिष्क्रमण, कठोर तपस्या, बोधिवृक्षको मूलमा मार विजय, सर्वज्ञता ज्ञान लाभ, धर्मचक्र प्रवर्तन र नव लोकोत्तर धर्म प्रचार इत्यादि सबै प्रकारको भगवान् बुद्धको गुण स्मरण गरी बैशाली नगरको तीन तह प्राकार (पर्खाल) मा रातभर परित्राण पाठ गर्ने आयुष्मान् आनन्द स्थविरको जस्तै करुणापूर्ण चित्त लिएर ।)

जस्को आदेशलाई सय हजार कोटि चक्रवालका देवताहरुले पालन गर्थे तथा जस्को प्रभावले बैशाली नगरमा रोग, अमनुष्यद्वारा हुने उपद्रव र दुर्भिक्षबाट उत्पन्न हुने तीन प्रकारको दु:ख र भय चाँडै नै हटेर गएको थियो । हामी पनि त्यस परित्राणलाई पाठ गर्दछौं ।

यस बखतमा यस पृथ्वीमा वा अन्तरिक्षमा जति पनि भूत (अमनुष्य) हरु उपस्थित छन्, उनीहरु सबैको चित्त प्रसन्न होऊन् र हाम्रो यस कुरालाई ध्यानपूर्वक सुनून् । ॥१॥

सबै भू (अमनुष्य) हरु दत्तचित्त होऊन्, जसबाट उनीहरु दिन रात बलि लिन्छन्, ती मनुष्य मात्रको प्रति, दत्तचित्त भएर मैत्री गरुन् र अप्रमादी बनेर उनीहरुको रक्षा गरुन् ।॥२॥

यस लोकमा र परलोकमा जे जति सम्पत्ति छन्, फेरि स्वर्गमा अनर्ध रत्न छन् ती कुनै रत्न पनि बुद्धरत्न समान श्रेष्ठ



Downloaded from http://dhamma.digital

छैनन् । बुद्धमा यही उत्तम रत्नत्व छन्, यो सत्यद्वारा कल्याण होस् । ॥३॥

समाहित चित्त शाक्यमुनिले वासनालाई क्षण गरेर विराग अमृत रुपी निर्वाण धर्म प्राप्त गर्नुभयो । त्यस धर्मको जोडा कुनै धर्म छैन, धर्ममा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥४॥

परम श्रेष्ठ भगवान् बुद्धले जुन पवित्र समाधि उपदेश दिनुभएको थियो, फेरि जस्को फल अभ्यास गर्ने बित्तिकै प्राप्त हुन्छ । ती समाधि समान अर्को कुनै समाधि छैन, धर्ममा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥५॥

जुन आठ पुद्गलको बुद्धले प्रशंसा गर्नुहुन्छ, जुन मार्ग र फलको हिसाबले चार जोडा हुन्छ, उनी सुगत बुद्धका श्रावक हुन् तथा दक्षिणा दिन योग्य हुन् । यिनलाई दान दिंदा महत् फल प्राप्त हुन्छ । श्रावक संघमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥६॥

जो तृष्णा रहित भएर दृढचित्तले गौतम बुद्धको धर्ममा रत भैरहेको छ । उनले प्रतप्त गरेर अमृतमा दुबुल्कि मारेर बिमुक्ति रसको स्वाद लिन्छन् । संघमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस । ॥७॥

जस्तो जमीनमा गाडेको इन्द्,कील (स्तम्भ) लाई चारै दिशाको हावाले कम्प गराउन सक्दैन, उस्तै जस्ले चार आर्य सत्यलाई प्रज्ञाद्वारा यथार्थ दर्शन गरिराखेका छन् । उनी सत्पुरुषलाई



Downloaded from http://dhamma.digital

स्थीर भएको भन्दछन् । संघमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥८॥

गम्भीर– प्रज्ञावान् बुद्धले उपदेश गर्नुभएको आर्य सत्यलाई जस्ले राम्रोसँग बोध गरिराखेको छ । उनले प्रमादी भए पनि आठ पटक जन्म ग्रहण गर्नुपर्दैन, अर्थात्, सातौं जन्ममा नै मुक्त भएर जान्छ । संघमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥९॥

श्रोतापन्न व्यक्तिलाई दर्शन (सम्यक् दृष्टिं) लाभ हुनासाथ तीन बन्धन छुटेर जान्छन्– सत्काय दृष्टि (=नित्य आत्माको विश्वास) चिकित्सा (=शङ्का) शीलब्रत परामर्श (=नाना प्रकारको ब्रत र कर्मकाण्डबाट चित्त शुद्धि प्राप्त हुन्छ भन्ने विश्वास) । उनी चार 'दुर्गतिबाट मुक्त हुन्छन्' र छ प्रकारका घोर पापकर्मको आचरण कहिल्यै नगर्ने हुन्छन् । संघमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥१०॥

यदि काय, वाक्, चित्तले कुनै पाप गरे पनि उनी श्रोतापन्न व्यक्तिले कहिल्यै त्यसलाई लुकाउँदैन । किन भने बुद्धले भन्नुभएका छन् कि– निर्वाण–दर्शीलाई कुनै लुकाउनु पर्ने रहस्य रहँदैन । संघमा यही रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस्
॥११॥

बसन्त ऋतुको आरम्भमा वन–उपवन प्रफुल्लित भएर जस्तो सुन्दर हुन्छ । त्यस्तै बुद्धले श्रेष्ठ निर्वाण प्राप्त गराउने र



Downloaded from http://dhamma.digital

परमहितकारी धर्म उपदेश गर्नुभयो, बुद्धमा यही उत्तम रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥१२॥

श्रेष्ठ हुनुभएका, श्रेष्ठ निर्वाणका ज्ञाता, श्रेष्ठ धर्मदाता, श्रेष्ठमार्ग देखाउने, श्रेष्ठ लोकोत्तर बुद्धले उत्तम उपदेश दिनुभएको छ। बुद्धमा यही उत्तम रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥१३॥

सारा पुराना कर्म क्षीण भैसक्यो, नयाँ कर्म बन्दैन। उनको चित्त पुनर्जन्मदेखि बिरक्त भैसक्यो, क्षीण वीज, तृष्णाबाट सर्वथा मुक्त भएका, उनी अर्हत्‌हरु तेल सिद्धिएको प्रदीप झैं निर्वाण प्राप्त गर्दछन्। संघमा उही उत्तम रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥१४॥

पृथ्वी र आकाशमा रहेका यहाँ हामी जति जीवधारी उपस्थित छौं सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धलाई नमस्कार गर्दछौं। यो सत्यद्वारा कल्याण होस्। ॥१५॥

पृथ्वी र आकाशमा रहेका यहाँ हामी जति जीवधारी उपस्थित छौं। सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धको धर्मलाई नमस्कार गर्दछौं। कल्याण होस्। ॥१६॥

पृथ्वी र आकाशमा रहेका हामी यहाँ जति जीवधारी उपस्थित छौं। सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धका शिष्य संघलाई नमस्कार गर्दछौं। कल्याण होस्। ॥१७॥



Downloaded from http://dhamma.digital

# मैत्री सूत्रको निदान

भगवान् बुद्ध श्रावस्तीको जेतवन विहारमा विहार गर्नुभएको समयमा पाँचसय भिक्षुहरु भगवान् बुद्धकहाँ ध्यान भावना सिक्न भनी आए । भगवान् बुद्धले तिनीहरुलाई अरहन्त हुनेसम्मको ध्यान सिकाउनुभयो । त्यसपछि तिनीहरु ध्यान भावना गर्नलाई अनुकूल ठाउँ खोज्दै श्रावस्तीबाट सय योजन टाढा एकसय घर भएको गाउँमा पुगे । त्यहाँका मानिसहरुले वहाँ भिक्षुहरु आउनुभएको देखेर प्रसन्न भई उत्तम स्थानमा बसाई प्रणीत खाध्य भोज्य तयार पारी भोजन गराए । भोजन सिद्धिएपछि तिनीहरुले 'भन्ते ! तपाईहरु कहाँ जान आउनु भएको' भनी सोधे । भिक्षुहरुले 'हामीहरु जहाँ अनुकूल स्थान पाउँछ त्यहाँ जानलाई आएका हौं' भनी उत्तर दिए ।'त्यसो भए भन्ते ! तपाईहरु यहिं वर्षावास बस्नुहवस्' भनी प्रार्थना गरे । 'अन्तराय विघ्न केही नभए हुन्छ' भनी उत्तर दिएपछि ग्रामवासीहले गाउँबाट निकै नजिक पनि होइन, टाढा पनि होइन हिमालसँगै जोडिएको एक जङ्गलमा एकेक जना बस्नु हुने पाँचसय पर्णशाला कुटी बनाई भिक्षुहरुलाई आवश्यक सरसामानहरु सहित प्रदान गरे ।

पाँचसयभिक्षुहरु त्यस जङ्गलमा पसेर ध्यान भावना गर्दै सुख शान्तपूर्वक बसी रहे । उनी भिक्षुहरुको शीलको अनुभावले रुखमा रहेका वृक्ष देवताहरु विमानमा बस्न नसकेर पुत्र–पत्नी सहित भूमिमा उत्रेर यताउती विचरण गर्दै हिंडे । उनी भिक्षुहरु



Downloaded from http://dhamma.digital

छिट्टै फर्केर जाला भन्ने मनमा चिताई दुःख कष्ट खपेर बसे। दुई हप्ता बित्दा पनि विहाँहरु नफर्केपछि यहिं वर्षावास बस्ने छाँट छ भन्ने मनले थाने। तिनीहरुले यी भिक्षुहरु यहिं वर्षावास बस्ने हो भने त हामीले तीन महिनासम्म सारै नै दुःख कष्ट खपेर बस्नुपर्ने हुन्छ, तसर्थ यिनीहरुलाई भयानक रुप देखाई तर्साएर भगाउनु पऱ्यो भन्ने आपसमा सल्लाह गरेर ती देवताहरुले दिउँसो बे.लुका चंक्रमन गर्ने ठाउँको नजिक टाउको नभएका मुर्कट्टा र पाँग्रे रुप धारणा गरेर तर्सिने किसिमले भूतप्रेतको शब्द निकाली कराउने गरे। त्यस कारणले गर्दा ती भिक्षुहरु चित्तमा शान्ति नभएर खोकि लाग्ने, कपाल दुख्ने इत्यादि विभिन्न रोग लागेर दुब्लाउँदै गए।

एक दिन सबै जना भेला भएर महास्थविरको सेवामा आउँदा महास्थविरले ती भिक्षुहरुको रुप आकार देखेर आयुष्मानहरुलाई के रोग भयो भनी सोध्नु भयो। भिक्षुहरु मध्ये कसैले डरलाग्दो रुप देखे भने, कसैले डरलाग्दो शब्द सुनेको भने, कसैले दुर्गन्ध वास आएकोले यसरी रोग भएको हो भनी आफु आफुलाई भएका कुरा बताए।

यो सुनेर महास्थविरले आयुष्मान् हो ! भगवान् बुद्धले सप्पाय (अनुकूल) मिलेमात्र प्रथम र द्वितीय वर्षावास बस्ने विनय प्रज्ञप्त गर्नु भएको हो। अहिले यो गाउँमा अन्तराय उत्पन्न भएको कारणले गर्दा खप्पाय भएको स्थान भगवान्सँग नै सोध्नु जानुपऱ्यो' भनी तिनीहरु जाने तरखरमा लागे।



Downloaded from http://dhamma.digital

दायकहरुप्रति स्नेह नराख्ने भएका हुनाले तिनीहलाई कुनै सूचना नदिइकन आसनहरु सच्याई पात्र चीवर धारण गरी भगवान् बस्नुभएको श्रावस्तीमा गए। वर्षावास बस्ने समय नजिक भैसकेको र बाटोमा बर्षावास बस्ने दिन आए तापनि वर्षावास नबसीकन गइरहँदा वर्षावास नसिद्धिदै क्रमशः भगवान् बुद्धकहाँ पुग्न गए।

भगवान् बुद्धलाई आदरपूर्वक वन्दना गरेर एक छेउमा बसे। अनि भगवान् बुद्धले "भिक्षु हो ! वर्षावास तीनमहिना देशचारी हुनुहुँदैन भनी विनय प्रज्ञप्त गरिराखेको छँदा छँदै तिमीहरु किन आयौं" भनी सोध्नु भयो। भिक्षुहरुले कारण सबै बताइकन 'हामी कहाँ बसे ठीक होला' भनी भगवान्सँग सोधे। भगवान् बुद्धले जम्बुद्वीपभरि विचार गर्दा ती भिक्षुहरुलाई अनुकूल परेको ठाउँ उनीहरु पहिले बसेको ठाउँ बाहेक अन्त कतै नदेखेपछि 'भिक्षु हो ! तिमीहरुलाई अनुकूल परेको ठाउँ पहिलेकै ठाउँ छाडेर अन्त कहिं छैन, त्यही ठाउँमा फर्केर जाऊ' भनी आज्ञा हुनुभयो। अन्तराय नहटेको कारणले 'गर्दा त्यो ठाउँमा जान डर लाग्छ' भने पछि "भिक्षु हो ! तिमीहरुले पहिले शस्त्र अस्त्र नलिइकन गएको हुँदा अन्तराय आएको हो, अहिले शस्त्र अस्त्र लिएर जाऊ, अन्तराय बिध्न हटेर जान्छ' भनी आज्ञा हुनुभयो। भिक्षुहरुले कस्तो शस्त्र अस्त्र भनी सोधेपछि भगवान् बुद्धले शस्त्र अस्त्र दिएर पठाउँछु भनी आज्ञा हुनुभएर "करणीय मत्थ कुसलेन" आदि मैत्री सूत्र देशना गर्नु भयो। 'भिक्षु हो ! यो



Downloaded from http://dhamma.digital

मैत्री सूत्र जङ्गलको द्वारदेखि पाठ गरी बिहारमा पस्नु' भनी आज्ञा हुनुभएर तिनीहलाई पठाउनु भयो।

भिक्षुहरुले पनि भगवान्‌लाई वन्दना गरेर वहाँको वचन अनुसार फर्केर जङ्गलको द्वारमा पुगेपछि त्यहाँदेखि मैत्री सूत्र पाठ गर्दै आफु पहिले बसेको ठाउँमा पुग्न गए। त्यस बेलादेखि मैत्री सूत्रको प्रभावले जङ्गलभित्र बसिरहेका देवताहरु पनि मैत्री चित्तले युक्त भएर पाँचसय भिक्षुहरुलाई स्वागत गर्दै हातमा रहेका पात्र चीवरहरु लिएर हात गोडा मिचेर सेवा गर्ने भए। भिक्षूहरुलाई अन्तराय बिघ्न हटाउन यताउति पालो पहरा बसिरहे। ती देवताहरु भिक्षुहरुसँग खारिएको मह झैं मिलेर शान्तपूर्वक बसिरहे। पाँचसय भिक्षुहरुले पनि पहिले जस्तो भयानक रुप, शब्द, गन्ध देखेन, सुनेन, बासना आएन। तसर्थ चित्त एकाग्र भएर विपश्यना भावनामा कोशिश गर्दै लैजाँदा यो हाम्रो शरीर धेरै कालसम्म नरहने स्वभाव भएकोले माटाको गाग्री जस्तै रहेछ भन्ने विचार गरिरहे।

भगवान् जेतवन विहारको गन्धकुटीमा पाल्नु भएपछि ती भिक्षुहरुले मममा कल्पना गरेको कुरा थाहा पाउनु भएर सय योजन टाढा भए पनि अगाडि नजिकै बसेको जस्तै छवण्ण रश्मिले आफ्नो शरीरलाई प्रकाशित गर्नुभएर "कुम्भूपमं काम मिमं विदित्वा नगरुपमं चित्त मिदं थपेत्वा योधेथमारं पञ्ञायुधेन, जितञ्च रक्खे अनिवेसिनो सिया" भन्ने गाथा आज्ञा हुनुभयो।



Downloaded from http://dhamma.digital

अर्थः– यो शरीर फुटेर जाने माटाको गाग्री झैं भनी जानेर चित्तलाई नगर जस्तै सुदृढ तुल्याई विपश्यना प्रज्ञाले, आर्य मार्ग, प्रज्ञा रुपी शस्त्र लिएर क्लेशमारसँग युद्ध गर। विजय भएको ध्यान समापत्तिलाई पनि रक्षा गरी अनाशक्त भएर बस।

यो गाथा देशना गर्नु भएको बेलामा ती पाँचसय भिक्षुहरु भगवान् बुद्धको सुवर्ण वर्ण शरीरको वर्णन गर्दै आदरपूर्वक वन्दना गरेर भगवान् बुद्धकहाँ पुग्न गए। पाँचसय भिक्षु मैत्री सूत्र रुपी शस्त्र अस्त्रको आधारद्वारा अन्तराय बिघ्न बाधा हटेर अरहन्त फलमा प्रतिष्ठित भए।

यसरी मैत्री सूत्र भनेको मैत्री भावना बुद्धि गर्दै लाने कृत्य, भय अन्तराय हटाउने कृत्य, विपस्सनाको जग समान भएको पादक ध्यान कृत्य, यी तीन कृत्य पूरा गरी दिन सक्ने हो भनी धम्मपदट्ठकथा, खुद्दक पाठ अट्ठकथा ग्रन्थमा उल्लेख भएको छ।

## मैत्री सूत्रको अर्थ

जुन परित्राणको प्रभावले यक्षहरुले भय देखाउन सक्दैन तथा भयभीत भएर दिन रात चिन्तित र निद्राहीन भैरहेका व्यक्ति पनि सुखपूर्वक सुत्न सकिन्छ र सुतेका व्यक्तिले कुनै दुस्वप्न देख्दैनन्। यस्ता उत्तम गुण भएका भगवान् बुद्धले देशना गर्नुभएको परित्राण पाठ गर्दछु।



Downloaded from http://dhamma.digital

शान्तपद चाहने कल्याण साधनामा निपूण मनुष्यहरुको निम्ति उनी समर्थवान्, ऋजु (सीधा) अत्यन्त सोझो बन्नुपर्छ। उनको चित्त सरल र आज्ञाकारी अनि मृदु स्वभाव र अभिमान हीन हुनुपर्छ।

सन्तुष्ट चित्त, मिताहारी, अल्पकृत्य, (=व्यर्थ काम नगर्ने) थोरैमा सन्तुष्ट हुने, शान्त इन्द्रिय, बुद्धिमान्, कडा स्वभाव नभएका, कुलमा अनाशक्त हुनुपर्छ। कुनै यस्तो सानो काम पनि नगर्नु, जुन काम गर्दा विज्ञहरुले गिज्याउन सक्छन्। सबै प्राणी सुखी होवोस, सबैको कल्याण होवोस्, सबै आनन्दपूर्व रहनुन् भन्ने मनमा भावना गर्दुपर्छ।

स्थावर अथवा जङ्गम, दीर्घ वा महान्, मझौलो वा सानो, सूक्ष्म अथवा स्थूल जे जति भुत प्राणीहरु छन् ती सबै सुखी होवोस्।

दृष्ट अथवा अदृष्ट, दूरस्थ अथवा नजिकैको, उत्पन्न वा उत्पन्न हुने, ती सबै प्राणीहरु सुखी होवोस्।

एउटाले अर्कालाई वंचा नगर्नु, कहिल्यै कसैको नठग्नु, कसैको अवहेलना नगर्नु, क्रोध र हिंसाको वशमा परेर कसैलाई दुःख दिने कामना नगर्नु।

आमाले जसरी आफ्नो प्राणको वास्ता नराखी एकलौती छोराको रक्षा गर्छिन, उस्तै प्राणीमात्र प्रति असीम प्रेम राख्नुपर्छ। तल माथि र तेर्सोका सबै मानिस अथवा प्राणीहरु प्रति वैर, विरोध र शत्रुता रहित अप्रमेय, मैत्री भएको चाल चलन गर्नु।



Downloaded from http://dhamma.digital

उठ्दा, जाँदा, बस्दा, सुत्दा जबसम्म जागत् रहन्छ तबसम्म यस्तो स्मृति राखी रहनुपर्दछ। यसैलाई ब्रम्ह–विहार भावना भन्दछ।

यस्ता मानव कुनै मिथ्या दृष्टिमा नपरी शीलवान् भएर, विशुद्ध दर्शनले युक्त भएमा, काम तृष्णालाई नाश गरेर पुनर्जन्मबाट मुक्त हुन्छन्।

* * *

## अट्ठवीसति गाथाको अर्थ

महावीर तण्हंकर महायशश्वी मेधंकर, लोक हितैषी शरणंकर, ज्योतिष्मान दीपङ्कर। ॥१॥

जन प्रमुख कोण्डञ्ज, पुरुषोत्तम मङ्गल, असल मन र धैर्यवान सुमन, प्रेम बृद्धि गर्ने रेवत। ॥२॥

गुण सम्पन्न शोभित, जनहरुको बीचमा उत्तम अनोमदर्शी लोक प्रद्योत पदुम, श्रेष्ठ सारथी स्वरुप नारद। ॥३॥

सत्वहरु मध्ये सार पद्मोत्तर, श्रेष्ठ पुद्गल सुमेध, सबै लोकमा अग्र सुजात, नर उषभ प्रियदर्शी। ॥४॥

कारुणिक अर्थदर्शी, अन्धकार दूर गर्ने धर्मदर्शी, असमान सिद्धार्थ, वर दिने र संयमी तिष्य। ॥५॥



Downloaded from http://dhamma.digital

ज्वर दिने सम्बुद्ध फुस्स अनुपम विपश्वी, सर्वहितैषी शास्ता शिखी, सुख दिने विश्वभू। ॥६॥

सार्थवाह ककुसन्ध, युद्ध विजयी कोणागमन, श्री सम्पन्न काश्यप, शाक्य पुङ्गव गौतम। ॥७॥

यी सकल बुद्धहरुको सूत्य शील शान्ति र मैत्रीको आनुभावले तिम्रो रक्षा होवोस् फेरि तिमी निरोगी होवोस् र सुखी होवोस्। ॥८॥

* * *

## जिनपञ्जर गाथा

जुन श्रेष्ठ पुरुषहरुले, वीरहरुले जय ग्रहण गर्ने आशन बोधिमण्डपमा गएर आफु सेना रहित भैकन पनि ससैन्य मारलाई जिती चार सत्यको अमृत रस पान गर्नुभयो। ॥१॥

उनी तण्हंकर आदि अट्ठाइस बुद्धहरु र सबै श्रेष्ठ मुनिहरु मेरो शिरमा प्रतिष्ठित हुनुभएको छ। ॥२॥



Downloaded from http://dhamma.digital

मेरो शिरमा बुद्ध प्रतिस्थित हुनुहुन्छ फेरि आँखामा धर्म प्रतिष्ठित भइरहेको छ। मेरो छातिमा सम्पूर्ण गुणले सम्पन्न संघहरु प्रतिष्ठित हुनुभएको छ। ॥३॥

हृदयमा अनुरुद्ध छ, दायाँतर्फ सारिपुत्र छ, कौण्डिन्य पिठ्यूमा र मौद्गल्यायन बायाँपट्टि छ। ॥४॥

मेरो दाहिने कानमा आनन्द र राहुल छन, बायाँपट्टि कानमा काश्यप र महानाम छन्। ॥५॥

पछाडी सूर्य समान प्रकाशमान श्री सम्पन्न श्रेष्ठ मुनी शोभित विराजमान छ। ॥६॥

विचित्र धर्म कथिक, गुणका खानी, महर्षि कुमार काश्यप मेरो अनुहारमा सदैव प्रतिष्ठित छ। ॥७॥

पूर्ण, अंगुलिमाल उपाली नन्द र सीवली यी पाँच स्थविरहरु मेरो निधारमा टीका झैं छन्। ॥८॥

विजयी भगवान् बुद्धका अरु शिष्यहरु अस्सी महास्थविरहरु शीलको तेजले जाज्वल्यमान भई अङ्गमा प्रतिष्ठित छन्। ॥९॥

आगाडी रतन सुत्त छ, दाहिने तर्फ मेत्त सुत्त छ। पछाडी धजग्ग सुत्त छ फेरि बायाँ अंगुलिमाल सूत्र छ। ॥१०॥

खन्ध, मोर परित्राण अनि आटानाटिय सूत्र आकासमा चंदुवा झैं छन्। बाँकी पर्खालको रुपमा छन्। ॥११॥

बुद्धहरुको शासन बलले युक्त भएको, धर्मको प्राकारले सुशोभित चार कार्यले सधैं सम्बुद्ध पञ्जरमा रहेको कारले बात पित्त



Downloaded from http://dhamma.digital

आदिबाट हुने बाहिरी र भित्री उपद्रव सबै अनन्त गुण तेजद्वारा बनष्ट होवोस् । ॥१२॥१३॥

• जिन पञ्जरको माझमा बसिरहेमा मलाई ती सबै श्रेष्ठ महापुरुषहरुले सधैं पालन गरोस् ।

यसरी अत्यन्त सुरक्षित भएर बुद्धको आनुभावले उपद्रवहरुमा विजयी भएर शत्रु समूह नष्ट भई सद्धर्मको आनुभावले रक्षित भएर सदैव विचरण गर्छु । ॥१५॥

यसरी अत्यन्त सुरक्षित भएर, बुद्धको आनुभावले उपद्रवहरुमा विजयी भउर धर्मको आनुभावले शत्रु समूह नष्ट भई सद्धर्मको अनुभावले रक्षित भएर सदैव विचरण गर्छु । ॥१६॥

यसरी अत्यन्त सुरक्षित भएर, बुद्धको आनुभावले उपद्रवहरुमा विजयी भएर संघको आनुभावले शत्रु समूह नष्ट भई सद्धर्मको आनुभावले रक्षित भएर सदैव विचरण गर्छु । ॥१७॥

सद्धर्मको पर्खालले घेरिराखेको भएर पनि आठ दिशामा आठ आर्यहरु बसेका छन् । यिनका बीचमा आठ नाथ पनि छन् । माथि चंदुवा जस्तै बुद्ध हुनुहुन्छ । ॥१८॥

बोधिवृक्षमा उक्लनुभई मार सैन्यलाई बिध्वंस गरी बुद्ध मेरो शिरमा बस्नुभयो । मौद् पगल्यायन स्थबिर बायाँ हातमा बस्नुभयो ।

दाहिने हातमा सारिपुत्र स्थविर बस्नुभयो । बोधिसत्व मयुरको योनीमा जन्मनु हुँदा एउटै मात्र लोकनाथ हुनुभएका सूर्यको चरण युगलमा गएर भय अन्तरायबाट मुक्त हुनुभयो । ॥१९॥



Downloaded from http://dhamma.digital

सम्पूर्ण अमङ्गल, उपद्रव, खराव निमित्त, भय, रोग, ग्रहदोष अनि सबै प्रकारको निन्दा, सबै प्रकारका बिघ्न भय अनिष्ठ र दुस्वप्नहरु बुद्धको आनुभावले नष्ट होवोस् । ॥२०॥

सम्पूर्ण अमङ्गल, उपद्रव, खराव निमित्त, भय, रोग, ग्रहदोष अनि सबै प्रकारको निन्दा, सबै प्रकारका बिघ्न भय अनिष्ठ र दुस्वप्नहरु धर्मको आनुभावले नष्ट होवोस् । ॥२१॥

सम्पूर्ण अमङ्गल, उपद्रव खराव निमित्त, भय रोग, ग्रहदोष अनि सबै प्रकारको निन्दा, सबै प्रकारका बिघ्न भय र अनिष्ठ ददुस्वप्नहरु संघको अनुभावले नष्ट होवोस् । ॥२२॥

* * *

## महाजयमङ्गल गाथा

महाकारुणिक भगवान् बुद्धले सम्पूर्ण प्राणीहरुको कल्याणको निम्ति सबै पारमिता पूर्ण गर्नुभई उत्तम सम्बोधि (ज्ञान) प्राप्त गर्नुभयो । यो सत्य वचनले मलाई कल्याण होवोस् । ॥१॥

बोधिवृक्षको मूलमा बस्नुभई जसरी शाक्यसिंह भगवान् बुद्धले विजय प्राप्त गर्नुभयो, त्यस्तै मलाई जय होवोस्, जय मङ्गल होवोस् । ॥२॥



Downloaded from http://dhamma.digital

उत्तम र श्रेष्ठ औषधि जस्तै हुनुभएका बुद्ध रत्नको सत्कार गर्दछु, उनी देव र मनुष्यको निम्ति हितकारक हुनुहुन्छ। उनी बुद्धको तेजले कल्याण पूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण दुःख शान्त होवोस्। ॥३॥

उत्तम र श्रेष्ठ औषधि जस्तै भएको धर्म रत्नको सत्कार गर्दछु। जुन पीडा शान्त गर्ने हो, त्यो धर्मको तेजले कल्याण पूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण भय शान्त होवोस्। ॥४॥

उत्तम र श्रेष्ठ औषधि जस्तै भएका संघ रत्नको सत्कार गर्दछु। जुन आव्हान योग्य र पाहुना गर्न योग्य हुनुहुन्छ। ती संघका तेजले कल्याण पूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो समपूर्ण रोग शान्त होवोस्। ॥५॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्न छन्। बुद्ध रत्न समान अरु रत्न छैन, यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस्। ॥६॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरु छन्। धर्म रत्न समान अरु रत्न छैन, यो वचनको प्रभावले मलाई कल्याण होवोस्। ॥७॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरु छन्। संघ रत्न समान अरु रत्न छैन। यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस्। ॥८॥



Downloaded from http://dhamma.digital

मेरो मरु हुनै शरण छैन, बुद्ध नै मेरो उत्तम शरण हो। यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस्।  ॥९॥

मेरो अरु कुनै शरण छैन, धर्म नै मेरो उत्तम शरण हो। यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस्।  ॥१०॥

मेरो मरु कुनै शरण छैन, संघ नै मेरो उत्तम शरण हो। यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस्।  ॥११॥

सम्पूर्ण आपत टाढा होवोस्, सम्पूर्ण रोग नष्ट होवोस्, मलाई बिघ्न नपरोस्, सुखी र दीर्घायु होवोस्।  ॥१२॥

सबै प्रकारले मलाई मङ्गल होवोस्, सबै देवताहरुले मलाई रक्षा गरुन्, सबै सम्बुद्धको आनुभावले मलाई सदा कल्ज्याण होवोस्।  ॥१३॥

सबै प्रकारले मलाई मङ्गल होवोस्, सबै देवताहरुले मलाई रक्षा गरुन् सम्पूर्ण धर्मको आनुभावले मलाई सधैं कल्याण होवोस्।  ॥१४॥

सबै प्रकारले मलाई मङ्गल होवोस्, सबै देवताहरुले मलाई रक्षा गरुन्, सबै संघको आनुभावले मलाई सधैं कल्याण होवोस्।  ॥१५॥

* * *

## जयमङ्गल गाथा

जुन मुनिन्द्र तथागतले सुदृढ हतियार धारण गरी गिरिमेखल नामक हात्तीमाथि चढी अत्यन्त भयंकर सैन्य सहित भै आएका



Downloaded from http://dhamma.digital

हजार हात भएका मारलाई आफ्नो दान आदि धर्मको बलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥१॥

जुन मुनिन्द्र तथागतले मारले भन्दा चर्को रुपले रातभरि सग्राम गर्ने दुर्घर्ष र कठोर हृदयी आलवक यक्षलाई क्षान्ति र संयम विधिले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥२॥

जुन मुनिन्द्र तथागतले डंढेलो, चक्र र विद्यत समान अत्यन्त दारुण र अत्यन्त मदमत्त भएका नालागिरी हात्तीलाई मैत्री रुपी जल सिञ्चन गरी जित्नु भयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥३॥

जुन मुनिन्द्र तथागतले अत्यन्त भयङ्कर हातमा खड्ग धारण गरेका, योजनका योजन दगुर्न सक्ने अंगुलिमाल डाँकालाई ऋद्धिको बलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥४॥

जुन मुनिन्द्र तथागतले काठको टुक्रा पेटमा बाँधी जनसभामा गर्भिणीको भेष लिई दुष्ट वचन बोल्ने चिञ्चा मानविकालाई आफ्नो शान्त र सौम्य वलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥५॥

जुन मुनिन्द्र तथागतले सत्य छाडी असत्य वाद पोषण गर्ने अभिमानी वाद विवाद परायण र अहंकारले अन्ध भएका सञ्चक



Downloaded from http://dhamma.digital

परिब्राजकलाई प्रज्ञाको ज्योति बाली जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥६॥

जुन मुनिन्द्र तथागतले विविध महान् ऋद्धिले सम्पन्न नन्दो पनन्द नागलाई आफ्ना शिष्य मोद्गल्यायन महास्थविरद्वारा आफ्नो ऋद्धि शक्ति र उपदेशको बलले जित्नु भयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥७॥

जुन मुनिन्द्र तथागतले भयानक, मिथ्यादृष्टि रुपी सर्पद्वारा दंसित, विशुद्ध ज्योति र ऋद्धि शक्ति बक नामक ब्रम्हालाई ज्ञानरुपी औषधिद्वारा जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥८॥

जुन श्रद्धालु पाठकले यो बुद्धको आठ जयमङ्गलगाथा निरालसी भई नित्य पाठ गर्ला त्यो बुद्धिमान व्यक्तिले नाना प्रकारका उपद्रवबाट मुक्त भई मोक्ष सुख प्राप्त गर्नेछ । ॥९॥

***भवतु सब्ब मङ्गलं***

## आवहान सूत्रको परिचय

यो सूत्रमा सम्पूर्ण चक्रवालमा बास गरीरहेका देवी देवताहरुलाई परित्राण श्रवण गर्न आउनुहोस् भनी अनुरोध



Downloaded from http://dhamma.digital

गरीरखेको छ । त्यस्तै सम्पूर्ण यक्ष देवता आदिहरुलाई पुण्यानुमोदन गरेर रक्षाको निम्ति प्रार्थना पनि गरिराखेको छ ।

# आवहान सूत्रको अर्थ

## उनी भगवान् अर्हत सम्यक्सम्बुद्धलाई नमस्कार ।

सम्पूर्ण चक्रवालमा बस्ने देवताहरु मुनिराज तथागतले देशना गर्नुभएको स्वर्ग र मोक्ष प्राप्त हुने सद्धर्म श्रवणको निम्ति यस ठाउँमा आएर सुन्न आउनुहोस् । उनी भगवान् अर्हत सम्यक् सम्बुद्धलाई नमस्कार । यस लोकान्तरमा शान्त भैरहेका शान्त चित्त भैरहेका त्रिशरण गईरहेका, भूमिमा रहेका, आकाशमा रहेका, देवताहरु फेरि सर्वदा लौकिक र लोकोत्तर गुण उपकार लाभ गर्ने आशा लिएका देवताहरु उत्तम कनक–मय सुवर्णले परिपूर्ण पर्वतराज सुमेरुमा बास गर्ने सज्जन देवताहरु सन्तुष्ट हुने हेतु भैरहेको तथागतको उत्तम धर्मोपदेश सुन्नको निम्ति सबै मिलेर आउनुहोस् । सम्पूर्ण चक्रवालमा रहेका देवताहरु, ब्रम्हाहरु, यक्षहरु, सम्पूर्ण सम्पत्ति पूर्णहुने हामीले गरेका यस पुण्यलाई अनुमोदन गरीसबै मिलेर यो शासनमा आनन्द मान्ने होऊन् । प्रमाद रहित भै विशेष गरी रक्षा गर्नुपऱ्यो ।

शासनमा र लोकमा सधैं उन्नति बृद्धि होऊन्, शासनमा र लोकलाई पनि सधैं देवताहरुले रक्षा गरुन् । सम्पूर्ण सत्व



Downloaded from http://dhamma.digital

प्राणीहरु आफ्नो आफ्नो परिवार सहित सुखी होओस्, सम्पूर्ण जनहरु सबै आफ्नो आफ्नो परिवार सहित दु:ख बेदना रहित र हर्षित उत्साहित होऊन् ।

राज भय, चोर भय, मनुष्य भय, अमनुष्य भय, आगोको भय, पानीको भय, पिशाच भय, नदीमा गाडेका बाँसका किलाको भय, काँडाको भय, नक्षत्रको भय, गाउँगाउँमा हुने सरुवा रोगको भय, असर्द्धमको भय, मिथ्यादृष्टिको भय, असत् पुरुषहरुको भय, फेरि दृष्टि भैरहेका हाथी, घोडा, मृग, गोरु, कुकुर, वनसुत्लो, बिच्छे, फणधारी सर्प, चितुवा, भालु, सुंगुर, भैंसी, यक्ष र राक्षस आदिको कारणबाट हुने अनेक भय उपद्रवलाई नाश गरी रक्षा गर्ने कामलाई सबै देवताहरुले ग्रहण गरुन् ।

# पुब्बण्ह सूत्रको अर्थ

जुन कुनिमित्त, अमङ्गल, चराचुरुङ्गिहरुको कुशब्द, पाप ग्रह दुस्वप्न आदि हुने हो । ती सबै बुद्धको आनुभावले विनाश भएर जावोस् । ॥१॥

जुन कुनिमित्त, अमङ्गल, चरा चुरुङ्गिहरुको कुशब्द, पाप ग्रह दुस्वप्न आदि हुने हो । ती सबै धर्मको आनुभावले विनाश भएर जाबोस् । ॥२॥



Downloaded from http://dhamma.digital

जुन कुनिमित्त, अमङ्गल, चराचुरुङ्गिहरुको कुशब्द, पाप ग्रह दुस्वप्न आदि हुने हो। ती सबै संघको आनुभावले बिनाश भएर जावोस्। ॥३॥

दुःख, भय, शोक भइरहेका प्राणीहरुलाई दुःख, भय, शोक, नहुने होस्। ॥४॥

यो हामीले दान पुण्य भावभक्ति गरेको धर्मलाई श्री सम्पत्ति सिद्ध गर्ने आशा राखेका सबै देवताहरुले अनुमोदन गरुन्। ॥५॥

दश बल धारी सबै तथागतहरु, प्रत्येकबुद्धहरु र अरहन्तहरुको तेज ज्ञान बलद्वारा सम्पूर्ण स्थानमा रक्ष बन्धन गर्न्यौं। ॥७॥

यस लोकमा र नाग गरुड लोकमा जे जति सम्पत्तिहरु छन् फेरि स्वर्गमा जुन अनर्ध रत्न छन् ती सबै रत्न भन्दा बुद्धरत्न उत्तम हुन्। बुद्धमा यही उत्तम रत्नत्व छ। यो सत्यद्वारा कल्याण होस्। ॥८॥

यस लोकमा नाग र गरुड लोकहरुमा जे जति सम्पत्तिहकरु छन्, फेरि स्वर्गमा जुन अनर्ध रत्न छन् ती सबै भन्दा धर्मरत्न उत्तम हुन्। धर्ममा यही रत्नत्व छ। यो सत्यद्वारा कल्याण होस् ॥९॥

यस लोकमा नाग र गरुड लोकहरुमा जे जति सम्पत्तिहरु छन्, फेरि स्वर्गमा जुन अनर्ध रत्न छन्, ती सबै भन्दा संघरत्न उत्तम हुन्। संघमा यही उत्तम रत्नत्व छ। यो सत्यद्वारा कल्याण होस्। ॥१०॥

तिमीलाई सबै प्रकारको मङ्गल होस्, सम्पूर्ण देवताहरुले रक्षा गरुन्, सम्पूर्ण धर्मको आनुभावले सधैं सुखी होस्। ॥१२॥



Downloaded from http://dhamma.digital

तिमीलाई सबै प्रकारको मङ्गल होस्। सम्पूर्ण देवताहरुले रक्षा गरुन्। सम्पूर्ण संघको आनुभावले सधैं सुखी होस्।॥१३॥

महान् करुणाले युक्त हुनु भएका नाथ=भगवान् बुद्धले सम्पूर्ण प्राणीहरुलाई हितोपकार गर्नको निम्ति सम्पूर्ण पारमिता पूर्ण गर्नुभई उत्तम सम्बोधि (ज्ञानमा पुग्नुभयो) लाभ गर्नुभयो। यो सत्य वचनको प्रभावले तिमीलाई सदैव सुख आनन्द होस्। ॥१४॥

शाक्य कुमारहरुलाई प्रसन्न गर्नुहुने भगवान् बुद्धले बोधिबृक्ष मुनि मार विजय गर्नुभएको थियो, जस्तै तिमीलाई शत्रु विजय हुने हेतु भइरहेको मङ्गलद्वारा जय होस्। ॥१५॥

सम्पूर्ण बुद्धहरुको अभिषेक हुने शोभाले युक्त पुथ्वी माथि पृथ्वीको शिर जस्तै भइरहेको उत्तम बुद्धत्वमा प्राप्त हुनु भएका भगवान् प्रमुदित हुनुभयो। ॥१६॥

त्यस्तै सुनक्षत्र सुमङ्गल, सुप्रथात असल उन्नति बृद्धि होस्, फेरि उत्तम क्षण शुभमुहुर्त पनि होस्, उत्तम आचरण गर्ने पुद्गलहरुलाई राम्रोसँग पूजा गरिने होस्। ॥१७॥

उत्तम कायकर्म उत्तम वचीकर्म उत्तम मनोकर्म भई उत्तम कर्ममा स्थीर भई रहने होस्। ॥१८॥

ती देव मनुष्यहरुले असल कर्महरु गरेर उत्तम फल लाभ गरे, उत्तम फल प्राप्त गरी सत्पुरुषहरु सुखी भएर भगवान् बुद्धको शासनमा उन्नति बृद्धि भई सबै आफन्तहरु सहित निरोगी सुखी होस्। ॥१९॥

* * *



Downloaded from http://dhamma.digital

# धजग्ग सूत्रको निदान

भगवान् बुद्ध श्रवावस्तीको जेतवन विहारमा विहार गर्नुभएको बेलामा भगवान्ले भिक्षुहरुलाई सम्बोधन गर्नुभई यो धजग्ग सूत्र (परित्राण) देशनां गर्नुभएको थियो ।

विशेष गरी यो धजग्ग सूत्र परित्राण अनुस्मरण गर्ने बित्तिकै आकाश पनि पृथ्वी जस्तै भएर जान्छ । राक्षस चोर आदिबाट हुने सम्पूर्ण उपद्रव जालबाट मुक्त भएर जान्छ । यस कुराको उदाहरण कसो भने–

लंका द्वीपमा एउटा श्रामणेर महाचैत्यमा उक्लँदै गरेको बेलामा गोडा चिप्लिएर खस्यो । त्यो श्रामणेरले खसिरहेको बेलामा धजग्ग सूत्रलाई स्मरण गऱ्यो । यसरी अणुस्मरण गर्दागर्दै उनी तल भूमिमा नखसीकन आकाशमै भूमीमा टेकेजस्तै उभिइरहे । धेरैबेर पछि प्रसन्नचित्त भएर बिस्तारै भूमिमा उत्रे । तल पुग्दा कुनै अन्तराय बिघ्न भएन । आधार केही नभएको आकाशमा पनि यसको अनुस्मरण गर्ने बित्तिकै पृथ्वीमा जस्तै आधार भरोसा लिन सकिने रहेछ भने भूमिमा उभिएर वा बसेर अनुस्मरण गरिरहने र पाठ श्रवण गरिरहेकालाई त निश्चय नै आधार पाएर विघ्न अन्तराय शान्त भएर जानेछ । "यो कुरा सगाथ वग्ग संयुत्त" पाली अट्ठकथा र परित्राण टीकामा उल्लेख छ ।

* * *



Downloaded from http://dhamma.digital

# धजग्ग सूत्रको अर्थ

यसरी मैले सुनेको छु, एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिक सेंठको आराम जेतवनमा विहार गरी बस्नुभएको थियो । त्यहाँ भवगान्ले "हे भिक्षुगण !" भनी बोलाउनु भयो । 'भन्ते !' भनी ती भिक्षुहरुले भगवान्लाई उत्तर दिए, अनि भगवान्ले यसो भन्नु भयो– "हे भिक्षुगण ! पहिले गएको देवासुर संग्राम घनघोर रुपमा भएको थियो । हे भिक्षुगण ! त्यसबेला देवताका राजा शक्रदेव इन्द्रले त्रायत्रिंश देवताहरुलाई बोलाउनु भयो । मारिष ! संग्राममा गइरहेका देवताहरुलाई डर लाग्ने, शीर कम्प हुने वा रौं ठाडो ठाडो हुने भयो भने त्यस बेला मेरो नै ध्वजाको तुप्पा हेर्नु । यो सत्य कुरा हो मेरो ध्वजाको टुप्पा हेरिरहने तिमीहरुलाई जुन डर लाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो. हुने हो, त्यो हटेर जान्छ ।

यदि मेरो ध्वजाको टुप्पा हेर्न सकिएन भने प्रजापति नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्नु, यो सत्यकुरो हो प्रजापति देवराजको ध्वजाको तुप्पा हेरिरहने तिमीहरुलाई डरलाग्ने शरीर कम्प कुने वा रौं ठाडो ठाडो हुने त्यो भय हटेर जान्छ ।

यदि प्रजापति नाम गरेका देवराजको ध्वजाको टुप्पा हेर्न सकिएन भने वरुण नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्नु । यो सत्य कुरा हो वरुण नाम गरेका देवराजको ध्वजाको थुप्पालाई हेर्ने तिमीहरुलाई डरलाग्ने, शरीर कम्प हुने, रौं ठाडो



Downloaded from http://dhamma.digital

ठाडो हुने भय हटेर जान्छ। यदि वरुण नाम गरेका देवराजको ध्वजाको टुप्पा हेर्न सकिएन भने ईशान नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्नु यो सत्य कुरा हो– ईशान नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्ने तिमीहरुलाई डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो हुने त्यो भय हटेर जान्छ हे भिक्षुगण ! देवताका राजा शक्रको त्यो ध्वजाको टठुप्पा हेरिरहने ती देवताहरुलाई पनि प्रजापति नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेरिरहने ती देवताहरुलाई पनि, वरुण नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेरिरहने ती देवताहरुलाई पनि जुन डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो. हुने हुन्छ त्यो भय हटेर जान पनि सक्छ, न जान पनि सक्छ। त्यो कुन हेतुले भने हो भिक्षुगण ! देवताहरुका राजा शक्र देवेन्द्र राग रहित भएको छैन, द्वेष रहित भएको छैन, मोह रहित भएको छैन, कातर छन्, थरथर काम्ने गर्छन्, त्रास मान्छन्, भाग्न सक्छन्।

हे भिक्षुगण ! म यसो भन्छु। जङ्गलमा बसेका, रुपखुनि बसेका सून्य ठाउँमा बसेका तिमीहरुलाई यदि डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो हुने भय उत्पन्न भयो भने त्यस बेला म तथागतको गुण अनुस्मरण गर्नु:– उनी भगवान् अर्हत्, सम्यकसम्बुद्ध, विद्या र आचरणले युक्त सुगत, लोकविद्, अनुत्तर पुरुष दम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध भाग्यवान् हुनुहुन्छ।

यो सत्य कुरा हो, हे भिक्षुगण ! म तथागतको गुणलाई अनुस्मरण गर्ने तिमीहरुलाई जुन डर लाग्ने, शरीर कम्प हुने वा



Downloaded from http://dhamma.digital

रौं ठाडो ठाडो. हुने भय हो त्यो भए हटेर जान्छ। म तथागतको गुण यदि अनुस्मरण गर्न सकिएन भने मैले उपदेश दिई राखेको धर्मको गुणलाई यसरी स्मरण गर्नु:– भगवान् बुद्धले देशना गर्नुभएको धर्म स्वाक्खात छ, ओपनयिक छ, विद्वान्हरुले आफैले अनुभव बोध हुन सकिने छ स्मरण गर्नु।

यो सत्य कुरा हो, हे भिक्षुगण ! धर्मको गुणलाई अनुस्मरण गर्ने तिमीहरुलाई जुन डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो हुने भय हुने हो त्यो हटेर जान्छ। यदि धर्मको गुण अनुस्मरण गर्न सकिएन भने यसरी संघको गुणलाई अनुस्मरण गर्नु:– भगवान् बुद्धका श्रावक संघहरु सुप्रतिपन्न छन्, निर्वाण प्रतिपन्न छन्, सामीचि प्रतिपन्न छन्। उनी संघ मार्ग र फलको हिसाबले चार जोडा वा आठ पुद्गल छन् भगवान्का उनी श्रवाक संघहरु आमन्त्रण गर्न योग्य, पाहुना सत्कार गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोडी बिन्ति गर्न योग्य तथा तिनैलोकका अनुत्तर पुण्य रोप्ने असल क्षेत्र समान हुनुहुन्छ।

यो कुरा सत्य हो हे, भिक्षुगण ! संघको गुणलाई अनुस्मरण गर्ने तिमीहरुलाई जुन डर लाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो. हुने भय हुने हो त्यो भय हटेर जान्छ।

त्यो किनभने:– हे भिक्षुगण ! तथागत अर्हत् सम्यक्सम्बुद्ध राग रहित हुनुहुन्छ, द्वेष रहित हुनुहुन्छ, मोह रहित हुनुहुन्छ, नडराउने, नकाम्ने, नतर्सिने, नभाग्ने, हुनुहुन्छ। भगवान्ले यस्तो भन्नु भयो।



Downloaded from http://dhamma.digital

सुगतले यो भन्नु भएपछि फेरि भन्नुभयो:– "हे भिक्षुगण ! जङ्गलमा वा रुखमुनि वा सून्य ठाउँमा सम्बुद्धको गुण तिमीहरुले स्मरण गर्नु, तिमीहरुलाई भय हुँदैन । लोकमा जेष्ठ हुनु भएका, नरमध्ये उत्तम हुनुभएका बुद्ध भगवान्को गुणलाई सम्झन सकेन भने यसरी संसार पार लाग्ने राम्रोसँग देशना गरी राखेका धर्मको गुण स्मरण गर्नु । संसारबाट पारलाग्ने, राम्रोसँग देशना गरिराखेको धर्मको गुणलाई यदि सम्झन सकिएन भने अनुत्तर पुण्यबीज रोप्न अति उत्तम क्षेत्र समान संघको गुणलाई स्मरण गर्नु । हे भिक्षुगण ! यसरी बुद्ध गुणलाई, धर्म गुणलाई, संघ गुणलाई अनुस्मरण गरिरहने तिमीहरुलाई जुन डरलाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने हो त्यो हुँदैन ।"

* * *

# बोज्झङ्ग सूत्रको निदान

भगवान् बुद्ध राजगृहको बेलुवन कलन्दक निवासमा बिहार गरिरहनुभएको बखतमा आयुष्मान महाकाश्यप पिप्फलि गुफामा बिरामी भएर बसेको ठाउँमा भगवान् बुद्ध पाल्नु भई उन्को रोग शान्त गर्नुको निम्ति बोज्झङ्ग सूत्र देशना गर्नुभयो । त्यस्तै गृद्धकूट पर्वतमा आयुष्मान मौद्गल्यायन बिरामी हुँदा पनि भगवान् बुद्ध पाल्नु भई उन्को रोग शान्त गर्नको निम्ति बोज्झङ्ग सूत्र देशना गर्नुभयो ।



Downloaded from http://dhamma.digital

एकदिन स्वयं भगवान् बुद्ध अस्वस्थ हुनुभयो। त्यसबेला आयुष्मान चुन्द भगवान् बुद्धकहाँ आएर अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका आयुष्मान चुन्दलाई भगवान् बुद्धले भन्नुभयो– "प्रिय पुत्र चुन्द ! मलाई बोज्झङ्ग सूत्र सुन्ने इच्छा भयो, राम्रोसँग सुनिने गरी पाठ गर।"

आयुष्मान चुन्दले भगवान्को आज्ञालाई शिरोपर गरी "सत्तिमे बोज्झङ्गा भगवता सम्मदेक्खाता" आदि बोज्झङ्ग सूत्र पाठ गरी दिनुभयो। यसरी आयुष्मान चुन्दले पाठ गरेको बोज्झङ्ग सूत्र ध्यानपूर्वक भगवान् बुद्धले सुन्नुभयो। त्यति बेला भगवान् बुद्धको शरीरमा भइरहेको सबै रोग हुरीले उडाएर लगे झैं शान्त भएर भयो।

प्रस्तुत परित्राणमा आएको "बोज्झङ्गो सति संखाता" आदि गाथा उपरोक्त बोज्झङ्ग सूत्र देशना सहित सत्यक्रियाको रुपमा आचार्यहरुले संक्षिप्त गरेर रचना गरिराखेको गाथा हो। तैपनि आनिशंस फल कम हुँदैन।

* * *

# बोध्यङ्ग सूत्रको अर्थ

संसार चक्रमा घुमिरहेका सत्वहरुका सम्पूर्ण दुःख विनाश भई क्लेश रुपि मारको सेना सहित दमन हुने अर्हत् मार्गमा सात प्रकारका बोधि अङ्ग छन् सो सात प्रकारको बोधि अङ्ग यथार्थ बुझ्ने व्यक्ति तीन भवबाट मुक्त भए। मुक्त हुने व्यक्तिलाई



Downloaded from http://dhamma.digital

जन्म जरा व्याधि मरण, भय, शोक, रोगादि केही नभएको निर्वाणपद प्राप्त भयो ।

यस्ता अनेक गुणले सम्पन्न भइरहेको तथा महौषद र मन्त्र समान यो बोध्यङ्ग सूत्रलाई हामी पनि पाठ गर्दछौं ।

स्मृति बोध्यङ्ग, धर्म विचय बोध्यङ्ग, वीर्य बोध्ङ्ग, प्रीति बोधयङ्ग, प्रंसव्धी बोध्यङ्ग त्यस पछि । ॥१॥

समाधि बोध्यङ्ग र उपेक्षा बोध्यङ्ग यी सात बोध्यङ्ग (बोधि ज्ञानको अङ्ग) भइरहेकालाईसर्वदर्शी सर्वज्ञ तथागतले लोकहितको निम्ति सम्यक् रुपले देशना गर्नुभयो । ॥२॥

फेरि अर्हत् मार्ग ज्ञानको निम्ति अभिञ्ञाणको निम्ति र निवाणको निम्ति पनि धेरै पटक भावना गर्नुपर्दछ । यो सत्य वचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस् । ॥३॥

एक समयमा महामौद्गल्यायन र काशयपलाई रोग भइरहेको बुद्धले देख्नुभई यही सात प्रकारको बोध्यङ्ग सूत्र देशना गर्नुभयो ॥४॥

त्यसलाई अभिनन्दन गर्नाले वहाँहरु तत्क्षणमै रोगबाट मुक्त हुनुभयो । यो सत्य वचनको प्रभावले हामीलाई सदा सुख बृद्धि होस् । ॥५॥

एक समय धर्मराज तथागतलाई नै रोगले ग्रस्त भइरहेको बखतमा चुन्द स्थविरले सोही बोध्यङ्ग सूत्र पाठ गरी दिनुभयो । ॥६॥

त्यस बखतमा भगवान् बुद्ध प्रसन्न भएर वहाँको त्यो रोग पनि तत्क्षणमै शान्त भएर रोग मुक्त हुनुभयो । यो सत्य बचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस् । ॥७॥



Downloaded from http://dhamma.digital

वहाँहरु तीनै जनाको रोग पनि मार्गज्ञानद्वारा हत्याई दिएको क्लेश झैं फेरि उत्पन्न नहुने तरिकाले निरोगिता प्राप्त भयो। यो सत्य बचनको प्रभावले तिमीलाई सदा सुख बृद्धि होस्। ॥८॥

* * *

# आटानाटिय सूत्रको निदान

भगवान् बुद्ध राजगृहको गृद्धकूट पर्वतमा विहार गरिरहनु भएको बखतमा एकलाख कोटी यक्षसैन्य भएका वैश्रवण महाराज, एकलाख कोटी गन्धर्वसैन्य भएका धृतराष्ट्र महाराज, एकलाख कोटी नागसैन्य भएका बिरुपाक्ष महाराज, यी चार चतुर्महाराजहरु आफ्ना सैनय परिवारबाट जनही एकलाख कोटी सैन्य लिएर रात्रीको प्रहरमा आफ्ना शरीरको तेजले गृद्धकुट पर्वत सबै जाज्वल्यमान गरी भगवान् बुद्धकहाँ आएर भक्तिपूर्वक सेवा गर्न आएका थिए । त्यस बखतमा वैश्रवण देवराजले भगवान् बुद्धलाई आदरपूर्वक वन्दना गरी यसो बिन्ति गरे:– "भन्ते भगवान् ! धेरै यक्ष समूह मध्ये कुनै कुनै यक्षहरु भगवान्प्रति प्रसन्न हुनेहरु पनि छन्, कुनै कुनै यक्षहरु भगवान् प्रति अप्रसन्न हुनेहरु पनि छन् । भिक्षु भिक्षुणी उपासक उपासिका यी चार परिषद्ले भगवान्‌को ओवाद ग्रहण गरेर जङ्गलमा पर्वतमा रुखको फेद आदि एकान्तमा ध्यान भावना गरिहेको बखतमा भगवान् प्रति अप्रसन्न भएका यक्षहरुले दु:ख दिन सक्छ। यक्षहरुले चारै



Downloaded from http://dhamma.digital

प्रकारका परिषद्हरुलाई दुःख दिन नसकिने तुल्याउन आटानाटिय नामक सूत्र रक्षा बन्धनको रुपमा तपाईंका शिष्यहरुलाई पाठ गर्ने उपदेश दिनुहवस् ।"

भगवान् बुद्धले बैश्रवण महाराजले निवेदन गरेको कुरा मौन भएर स्वीकार गर्नुभयो । त्यसपछि चतुर्महाराज देवताहरु आफ्ना परिषद्का साथ भगवान बुद्धलाई आदर पूर्वक बन्दना गरी चर्तुमहाराज देवलोकमा फर्के ।

भोलिपल्ट उज्यालो भएपछि भगवान् बुद्धले भिक्षुहरुलाई आमन्त्रण गर्नुभई चतुर्महाराज देवताहरु आफ्ना परिवार सकित लिएर बैश्रवण महाराजले निवेदन गरेको कुरा आफुले स्वीकार गरेको कुरा, आदरपूर्वक बन्दना गरी फर्केको सबै कुरा बताउनु भई "भिक्षु हो ! आजदेखि चारै परिषद्लाई प्रचण्ड देवताहरु र यक्षहरुको तर्फबाट पीडाकष्ट हुन नदिन 'आटानाटिय' नामक रक्षा बन्धन सिकेर पाठ गर" भनी आज्ञा गर्नुभएर "विपस्सी च नमत्थु" आदि महन्तं वीत सादर" सम्मको ६ गाथा आज्ञा हुनुभयो । भिक्षुहरुले पनि आटानाटिय परित्राण ६ गाथालाई भगवान्को आज्ञानुसार सिकेर जङ्गल पर्वत रुक्खमूल आदि एकान्त ठाउँमा पाठ गर्ने भयो । त्यस बखत भिक्षु भिक्षुणी, उपासक उपासिका चारै परिषद्लाई प्रचण्ड देवताहरु यक्षहरुले दुःख नदिएकोले आनन्दपूर्वक सत्पुरुषहरुको धर्म भइरहेको ध्यान भावनामा लागी रहे । यो कुरा पाथेय्य सुत्त ग्रन्थमा उल्लेख भएको छ । प्रस्तुत आटानाटिय सूत्रमा उपरोक्त ६ गाथाको



Downloaded from http://dhamma.digital

अतिरिक्त बुद्धवंश पाली र धम्मपद पालीका केही गाथाहरु पनि छन् । साथै सीहलद्वीपका आचार्य तथा अन्य आचार्यहरुले रचना गरी राखेका बुद्धधर्मसंघको गुण तथा नागहरुको गुण प्रशंसा गर्दै आशिषको रुपमा रचना गरी राखेका गाथाहरु जुन पाठ गर्ने र श्रवण गर्नेलाई फल दिने हुन्छ ।

# आटानाटिय सूत्रको अर्थ

तथागतको सद्धर्भमा अप्रसन्न भई सर्वदा दुष्ट चण्डाल भइरहेका अमनुष्य र यक्षगणहरुले तथागतको सासनमा रहेका परिषद्हरुलाई हिंसा गरी हिँडेको हुनाले महावीर हुनुभएका बुद्ध भगवान्ले उनीहरुको सुरक्षाको निम्ति यस परित्राण सूत्र देशना गर्नुभयो । त्यस परित्राणलाई हामी पनि पाठ गर्दछौं । उनी चक्षुमान तथा श्री सौभाग्य युक्त 'विपश्वी' तथागतलाई नमस्कार छ । फेरि सम्पूर्ण लोकलाई दया गर्ने 'सिखी' तथागतलाई पनि नमस्कार छ । ॥१॥

अकुशललाई परिशुद्ध गरी निर्मल तपश्चर्या गर्ने "विश्वभू" तथागतलाई नमस्कार छ, फेरि सम्पूर्ण मार सेनालाई विजय गर्ने "ककुछन्द" तथागतलाई पनि नमस्कार छ । ॥२॥

अकुशल निर्मूल गरी पाँच प्रकारको बशीभावले संयुक्त हुनुभएका कनकमुनि तथागतलाई नमस्कार छ, फेरि सम्पूर्ण क्लेशबाट विमुक्त हुनुभएका "काश्यप" तथागतलाई पनि नमस्कार छ ॥३॥



Downloaded from http://dhamma.digital

जस्ले सम्पूर्ण दुःखलाई हटाउने यो धर्म देशना गर्नुभयो उनी रश्मियुक्त श्री सौभाग्य ऐश्वर्यादि सम्पन्न, शाक्यकुमार हुनुभएका गौतम बुद्धलाई नमस्कार छ। ॥४॥

लोकमा शान्त भइसक्नुभएका यथार्थदर्शी उनी तथागतहरुले चुक्ली बचन कहिल्यै बोल्नुभएन र महान उत्तम भई भय त्रासबाट पनि मुक्त हुनुभयो। ॥५॥

तीन विद्या आठ विद्या र पन्ध्र आचरण धर्मले सम्पन्न भै महान भय त्रासबाट मुक्त तथा देव मनुष्यहरुको हितकारी गौतम बुद्धलाई नमस्कार छ। ॥६॥

उनी विपस्सी आदि सप्त तथागत र अनेक सतकोटि तथागतहरु श्रावकहरु जस्तो नभई ती सबै समान समान र महान ऋद्धिवान् हुनुहुन्छ। ॥७॥

उनी सबै बुद्धहरु दशबल र चार वैशारद्य ज्ञानले सम्पन्न हुनुहुन्छ उत्तम उसभ पुरुष स्थान अर्थात् सर्वज्ञ हुनुहुन्छ। ॥८॥

उनी तथागतहरुले परिषद्को बीचमा सूरबीर भई सिंहनाद गरेर लोकमा कसैले घुमाउन नसकेको महोत्तम धर्मचक्रलाई प्रवर्तन गर्नु भयो। ॥९॥

ब्रम्हादिदेव मनुष्यमा मार्गदर्शक उनी तथागत अठार बुद्धगुणले युक्त बत्तीस लक्षणले संयुक्त र असी अनुव्यञ्जन धारण गर्नुभएका हुनुहुन्छ। ॥१०॥



Downloaded from http://dhamma.digital

उनी तथागतहरुको रश्मी व्याम (चार चार हात) फैलिएको र भिक्षुहरुको भन्दा उत्तम भएको तथा सर्वज्ञ ज्ञानलाई जानी आश्रव क्षय भई पञ्चमार विजय गर्नु भएका हुन्छन् । ॥११॥

महान प्रज्ञा, महान तेज, महान ज्ञान, महान बल, महान करुणा तथा धैर्य उद्योगप्राप्त हुनुभई सम्पूर्ण सत्वलाई सुख दिने हुनुहुन्छ । ॥१२॥

सम्पूर्ण सत्वका द्वीप अनाथका नाथ, प्रतिस्था, रक्षक निश्शरणका शरण स्थान, सेवा भक्तिको स्थान, बन्धु समान, प्राणी मात्रको हित गर्ने भण्डार र स्मरण गर्न योग्य हुनुहुन्छ । ॥१३॥

उनी तथागतहरु देव मनुष्यहरुका आधार हुनुहुन्छ तसर्थ मैले उनी पुरुषोत्तम तथागतका चरणमा शिरले सादर बन्दना गर्दछु । ॥१४॥

उनी तथागतहरुलाई शयनकालमा, स्थितकालमा, गमन कालमा, निसिन्न कालमा र सर्वकालमा पनि बचन र मनद्वारा बन्दना गर्दछु । ॥१५॥

उनी तथागतहरुले तिमीहरुलाई सर्वदा सुखपूर्वक रक्षा गरुन् । तथागतद्वारा रक्षित तिमीहरुलाई शान्ति तथा सम्पूर्ण भय त्राशबाट मुक्त हवोस् । ॥१६॥

सम्पूर्ण रोग सम्पूर्ण सन्ताप र सम्पूर्ण वैरीबाट मुक्त भएर तिमीहरुलाई शान्ति प्राप्त हवोस् । ॥१७॥



Downloaded from http://dhamma.digital

उनी तथागतहरुको सत्यशील क्षान्ति मैत्री बलको आनुभावले हामीहरुलाई आरोग्य र सुख प्राप्त भई उनी तथागतद्वारा हामीहरुको रक्षा हवोस्। ॥१८॥

पूर्व दिशामा अत्यन्त ऋद्धिवान् भूत (गन्धर्म देवता) हरु छन्। उनीहरुले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरुन्। ॥१९॥

दक्षिण दिशामा अत्यन्त ऋद्धिवान् कुम्माण्ड देवताहरु छन्। उनीहरुले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरुन्। ॥२०॥

पश्चिम दिशामा पनि अत्यन्त ऋद्धिवान् नागहरु छन्। उनीहरुले पनि आरोग्यता र सुखपूर्वक रक्षा गरुन्। ॥२१॥

उत्तर दिशामा पनि अत्यन्त ऋद्धिवान् यक्षहरु छन्। उनिहरुले पनि आरोग्यता र सुखपूर्वक रक्षा गरुन्। ॥२२॥

पूर्व दिशाबाट धृतराष्ट्र देवराज, दक्षिण दिशाबाट विरुल्हक देवराज, पश्चिम दिशाबाट विरुपाक्ष देवराज, उत्तर दिशाबाट कुवेर देवराज। ॥२३॥

उनी चतुर्महाराजाहरु लोकलाई पालन गर्न सपरिवार रहनुभएको छ। उनीहरुले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरुन्। ॥२४॥

भूमिमा वास गर्ने र आकाशमा वास गर्ने महान ऋद्धिधारी देवता र नागहरु छन्। उनीहरुले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरुन्। ॥२५॥



Downloaded from http://dhamma.digital

यो बुद्धको सासनमा अनेक ऋद्धिवन्त देवताहरु छन् । उनीहरुले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरुन् । ॥२६॥

सम्पूर्ण उपद्रव मोचन होस्, शोक रोग पनि विनाश भएर जावोस्, ती अन्तरायहरु पनि नभै सुखी र दिर्घायु प्राप्त होस् । ॥२७॥

त्रिरत्नलाई श्रद्धा राखी पूजादि सेवा बन्दना गर्नुमा उद्योग अभ्यास गरिरहेका, शील गुणले सम्पन्न भएका र दिनहुँ वयोबुद्ध र ज्ञान वृद्धहरुलाई आदर सत्कार गर्ने अभ्यास भएका व्यक्तिलाई आयु, वर्ण, सुख बल यी चार प्रकारको बृद्धि हुनेछ । ॥२८॥

# अंगुलिमाल सूत्रको निदान

एकदिन आयुष्मान अगुलिमालले भगवान्लाई अभिवादन गरी विन्ति गरे– "भन्ते ! आज म मात्र चीवर धारण गरी आवरुनीमा भिक्षाटन गएँ । त्यहाँ एउटी महिला प्रश्रव पीडाले पीडित भइराखेको देखेर मेरो मनमा यस्तो लाग्यो–हाय ! प्राणीहरुले दु:ख भोगी रहेछ ! ! हाय ! प्राणीहरुले दु:ख भोगिरहेछ ! !"

अनि भगवान्ले भन्नुभयो– त्यसो होभने अंगुलिमाल ! जहाँ ती महिला छिन् त्यहाँ गएर यस्तो भन– "बहिनी ! म जन्मेदेखि जानाजान प्राणी हिंसा गरेको मलाई थाहा छैन यो सत्यको प्रभावले तिम्रो मङ्गल होस्, गर्भको पनि मङ्गल होस् ।"



Downloaded from http://dhamma.digital

यो सुनेर अंगुलिमालले विन्ति गरे, "भन्ते ! यो त मैले निश्चय नै झुठ बोल्ने भयो ! भन्ते मैले जानाजानी धेरै नै प्राणघात गरेको छु।"

भगवान् बुद्धले अंगुलिमालको शंका निवारण गर्नु भै पुनः भन्नु भयो– "अंगुलिमाल ! त्यसो भए तिमी जहाँ ती महिला छिन् त्यहाँ गएर यस्तो भन "यतो हँ भगिनी ...."

हवस् भनी आयुष्मान अंगुलिमाल गएर यही सूत्र पाठ गरी दिनुभयो। अनि यो पाठ सुनेर ती महिलालाई जुन वेदना भइराखेको थियो त्यो वेदना शान्त भएर बालक जन्म्यो, बालकलाई पनि मङ्गल भयो। यो सूत्र अंगुलिमाललाई लोकनाथ हुनुभएका तथागतले देशना गर्नुभएको सूत्र हो।



Downloaded from http://dhamma.digital

# अंगुलिमाल सूत्रको अर्थ

यो परित्राण पाठ गर्ने स्थविरको आसन धोएको पानीले पनि सम्पूर्ण विघ्न नाश हुनेछ फेरि यो परित्राणको ज़ल पिलाई दियो भने प्रसव वेदनाले ग्रष्त भइरहेकी जननीलाई सुविस्तासाथ चाँडै नै प्रसव हुनेछ। लोकनाथ हुनुभएका तथागतले अंगुलिमाल स्थविरलाई देशना गर्नु भएको महान तेज आनुभाव भएको कल्प भर (आयुकल्प) सम्म रहने परित्राणलाई हामी पाठ गर्छौं। "हे बहिनी ! मैले जुन समय देखि आर्य उत्तम भावले जन्म हुनेमा सजन्म भएँ, त्यसबेलादेखिनै प्राणघात गर्ने इच्छाले कुनै प्राणीलाई हिंसा गरेको छैन। यो सत्यबचनको प्रभावले तिमीलाई सुख आनन्द हवोस्। फेरि गर्भमा रहेका सत्व (बालक) लाई पनि (सुविस्ता) सुख आनन्द होस्।

*अंगुलिमाल सूत्रको अर्थ सकियो।*



Downloaded from http://dhamma.digital

# बुद्धानुस्मृति

भिक्षु जीवनलाई रक्षा गर्ने, बुद्धानुस्मृति भावना, मैत्री भावना, अशुभ भावना, मरणानुस्मृति भावना, यी चार किसिमका भावनालाई शीलवान भिक्षुहरुले अभ्यास गर्नुपर्दछ। ॥१॥

बुद्धिमान भिक्षुहरुले अनन्त गुणसंयुक्त हुनुभएका शाक्यमुनि बुद्धको गुण 'इतिपि सो' आदि सुरुदेखि सम्झेर स्मरण गरी भावना गर्नु पर्दछ। ॥२॥

उनी बुद्धले सबै प्रकारको आशक्ति र क्लेशलाई आफु एक्लैले नाश गर्नुभयो, चित्त सन्ततिलाई परिशुद्ध गर्नु भयो। त्यसकारण उनी सधैं सम्पूर्ण प्राणीहरुबाट पूज्य हुनुभयो। ॥३॥

अतीता अनागत र वर्तमान तीनै कालका सम्पूर्ण धर्मलाई सबै प्रकारले आफैले अवबोध गर्नुभई वहाँले अद्वितीय सर्वज्ञता प्राप्त गर्नुभयो। ॥४॥

विपश्यना आदि विद्या र शील आदि आचरणले राम्रोसँग सम्पन्न हुनु भई आकाशमा सूर्यझै वहाँ प्रकाशमान हुनुभयो। ॥५॥

उनी तथागत शुभस्थानमा अर्थात निर्वाण पुरमा राम्रैसँग पुग्नुभयो। वहाँको वचन पनि अमोध छ। अर्थात् कहिल्यै व्यर्थ भएन। वहाँले तीन लोकको स्वभावलाई पनि विशेष रुपले सबै जान्नु भयो। ॥६॥



Downloaded from http://dhamma.digital

अनेक गुणले संयुक्त हुनुभई वहाँ सम्पूर्ण सत्वहरुको बीचमा उत्तमोत्तम हुनुभयो। दमन गर्न योग्य नरनारीहरुलाई वहाँले अनेक प्रकारको उपायद्वारा दमन पनि गर्नु भयो। ॥७॥

एकजना वहाँ मात्र सम्पूर्ण लोकका सम्पूर्ण प्राणीहरुका अनुशासक हुनुहन्छ। फेरि वहाँ भाग्य ऐश्वर्य आदि गुणको सर्वोत्तम निधि हुनुहुन्छ। ॥८॥

सम्पूर्ण धर्मको विषयमा वहाँ प्रज्ञावान् हुनुहुन्छ। सबै सत्वहरु प्रति करुणा छ। अनि आफ्नो निम्ति र अरुको निम्ति कल्याण हुने गुण अरु प्राणीहरुका भन्दा वहाँसँग बढी छ। ॥९॥

दयाद्वारा दशपारमिता धर्म पूर्ण गरेर वहाँले प्रज्ञाद्वारा संसार सागरबाट आफुलाई उत्तीर्ण गर्नुभयो। फेरि नाना प्रकारका धर्म सागरबाट उत्तम निर्वाण धर्म पनि प्राप्त गर्नुभयो। यस्तै वहाँले सम्पूर्ण अन्य प्राणीहरुलाई दया अनुकम्पा पूर्वक उतारी उद्धार गर्नुभयो। ॥१०॥

वहाँको रुपकाय हेर्दा मात्र पनि अचिन्तिय अर्थात यस्तो भनी भन्न सकिदैन। ज्ञानमा वहाँ असाधारण हुनुहुन्छ भने वहाँको धर्मकायको विषयमा कसरी भन्न सक्नु। ॥११॥

* * *



Downloaded from http://dhamma.digital

# मैत्री–अनुस्मृति

जस्तो आफुलाई सुखको इच्छा हुने हो । त्यस्तै सम्पूर्ण सत्व प्राणीहरुलाई पनि सुखको इच्छा हुन्छ, यसरी विचार गरेर सम्पूर्ण सत्व प्राणीहरुप्रति क्रमशः मैत्री भावना बृद्धि गर । ॥१॥

मलाई र मलाई जस्तै सदैव सम्पूर्ण सत्वहरुलाई सुखी होवोस, निदुःखी होवोस, मलाई हित गर्नेलाई पनि, मेरो प्रति उपेक्षितहरु र मध्यस्थहरुलाई पनि त्यस्तै वैरीहरुलाई पनि सुखी होवोस । ॥२॥

आफ्नो गाउँमा रहेका, क्षेत्रमा रहेका, सम्पूर्ण सत्वहरुलाई सुखी होवोस्, फेरि त्यस भन्दा पनि बढी राज्यमा रहेका र चक्रवालमा रहेकालाई समेत सुखी होवोस् । ॥३॥

यस्तै सिंगै चक्रवालमा रहेका असंख्य सत्व प्राणीहरुलाई सुखी होवोस् । जति पनि जन्म भइरहेका भूत प्राणीहरु छन् ती सबैलाई पनि शान्ति होवोस, सुखी होवोस् । ॥४॥

त्यस्तै दश दिशामा रहेका स्त्री–पुरुष, आर्य–अनार्य, देवमनुष्य, अपाय–दुर्गतीमा वास गरिरहेका सम्पूर्ण सत्व प्राणीहरुलाई सुखी होवोस् । ॥५॥

* * *



Downloaded from http://dhamma.digital

# अशुभानु स्मृति

यो शुभ जस्तै देखिराखेका सविञ्ञाणिक शरीर अविञ्जाणिक भएर अशुभ मृतक शरीर हुनेछ। यो शरीर अशुभ असार हुनेछ, यसरी सम्झेर यति (भिक्षु) ले अशुभ भावना गर्नु पर्दछ। ॥१॥

कपाल (क्रेश) रौं आदि बत्तीस प्रकारका अशुभ वस्तुको वर्ण, आकार, गन्ध, आशय (प्रतिस्थित भइरहेको स्थान) माथि, तल सबैतिर अर्थात अवकाशमा समेत ज्ञानद्वारा अवलोकन गरी यो शरीर घीनलाग्दो फोहर भएको, बत्तीस प्रकारका अशुभ वस्तुहरुले युक्त भएको भनी ज्ञानद्वारा अवलोकन गरी अशुभ भावना गर्नुपर्दछ। ॥२॥

यो शरीरबाट निस्कने फोहर वस्तु भन्दा पनि यो शरीरमा रहेका सबैवस्तुहरु अत्यन्त अपवित्र छन्। ती अपवित्र वस्तु निस्केर सुचि शुद्धभूमिमा पर्दा कत्तिको घिन लाग्छ। तर यो यति विघ्न शुभ मानिराखेको शरीमा सदैव अपवित्र हुने गरी घृणा युक्त हुने गरी मलले भरिएको चर्वि जस्तै भैरहेछ। ॥३॥

यो शरीर पाइखानामा उत्पन्न हुने कीरा जस्तै अशुचीमा फोहरमा उत्पन्न भयो। भित्र पनि पाइखाना घर जस्तै मल मूत्रले भरिएको छ। ॥४॥

जस्तो लवालव भरिएको तेलको भाँडाबाट तेल बग्नेछ त्यस्तै नै यो शरीरबाट नाना प्रकारका अशुचि बग्दैछ। फेरि यो शरीर नाना प्रकारका कृमि कीटले भरिएको घडा जस्तो हो। ॥५॥



Downloaded from http://dhamma.digital

पीप बग्ने खटिरा जस्तो, असाध्य रोग जस्तो, कुहिएर जाने घाउजस्तो, फेरि उपचार गर्दा गर्दै असफल हुने अशुचिले भरिएको फुटेर दुर्गन्ध फैलिएर जाने मुर्दा जस्तो शरीर भनिकन अशुभ भावना गर्नुपर्दछ। ॥६॥

* * *

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मरणानुस्मृति

बतास आइरहेको ठाउँमा बलिरहेको बत्ति निभेर जाने जस्तै आयुक्षय भई यो शरीर पनि क्षय भएर जानेछ। तसर्थ अरु मृत्यु भएको देखेर आफुपनि मृत्यु हुनेछ भनिकन मरणानु स्मृति भावना गर्नु पर्दछ। ॥१॥

जसरी महान सम्पत्तिशाली प्राणीहरु मृत्यु भई गए, त्यस्तै म पनि नमरी छाड्ने होइन, एकदिन न्र एकदिन मृत्यु हुने नै छु। ॥२॥

उत्पत्तिको साथै उदैव मृत्यु आइरहेको छ। जसरी प्राणीघात लखेट्दै आइरहेको छ। ॥३॥

एकछिन पनि नअडी सधैंभरि अगाडी बढ्न उत्साही बनेका दगुर्दै गइरहेको छ। ॥४॥

बिजुलि चम्के जस्तै, पानिमा उठ्ने फोका जस्तै दुभोको टुप्पामा रहेको पानीको थोपा जस्तै, पानीमा कोरिएको धर्सो जस्तै तुरन्तै बिलाएर जाने यो शरीर। फेरि यो मृत्युलाई घातट गर्ने शत्रुलाई जस्तै कसैले छेक्न सकिने होइन। ॥५॥

जुन त्यस्ता यशश्वी, बलवान, पुण्यवान, ऋद्धिमान, बुद्धमान हुनुभएका बुद्ध प्रत्येकबुद्धहरुलाई समेत मृत्युले क्षय गऱ्यो भने म जस्ताको विषयमा के भन्नु। ॥६॥

जीवन आरक्षाको निम्ति चाहिने आहारादि प्रत्यय समेत बिकल (बिरुप) भएर जाने, बाहिरका शस्त्र आदि पनि आध्यात्मिक रोग आदि उपद्रवद्वारा नाश भएर जाने, आँखा चिम्म गर्न



Downloaded from http://dhamma.digital

नपाउँदै क्षण क्षणमा रुपादि इन्द्रियहरु मरण हुँदै गइरहेको यो शरीर भनिकन मरणाणुस्मृति भावना बुद्धि गर्नुपर्दछ । ॥७॥

* * *



Downloaded from http://dhamma.digital

# आठ महा संवेग बस्तु

उद्योगी भिक्षुले चार आरक्षा भावना गरेर त्यस पछि आठ संवेगको कुरा मनन गर्नुपर्दछ। ॥१॥

जन्म, जरा, ब्याधि, मृत्यु, अपाय, भूतकाल र भविष्यका वट्ट ( संसार चक्र) दुःख, वर्तमानका आहार खोज्नुपर्ने यी आठ संवेगका कुरा हुन्। ॥२॥

जुन बुद्धिमान व्यक्तिले सदैव आफ्नो हितको इच्छा गरी साँझा विहान यी भावना गर्छन् त्यसले सम्पूर्ण विघ्नलाई नष्ट गरी भगवान् बुद्धले देशना गर्नु भएको श्रेष्ठ र महान सुख शान्ति प्राप्त गरी लिन्छ। ॥३॥

* * *



Downloaded from http://dhamma.digital